# भरतराज पन्तको खण्डकाव्यकारिता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक
शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय
विभागको एम. ए. दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
युवराज पोखरेल
नेपाली केन्द्रीय विभाग
त्रि.वि कीर्तिपुर
२०७१

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री युवराज पोखरेलले दसौँ पत्रको प्रयोजनका लागि मेरो निर्देशनमा **भरतराज पन्तको खण्डकाव्यकारिता** शीर्षकको शोधकार्य  सम्पन्न गरेकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७१/१२/१९

.....................................

केशव सुवेदी

प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र **श्री युवराज पोखरेल**ले त्रि.वि. नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नु भएको **भरतराज पन्तको खण्डकाव्यकारिता**शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधमूल्याङ्कन समिति**

प्रा.डा. देवीप्रसाद गौतम .................
(विभागीय प्रमुख)

प्रा.केसव सुबेदी ...........................
(शोध निर्देशक)

सह प्रा. भागबत ढकाल ............................
(बाह्य निरीक्षक)

मिति : २०७१/१२ /२९

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय **प्रा.केशव सुवेदी**को कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा प्राध्यापन तथा विविध व्यावहारिक कार्यको व्यस्तता बिच पनि आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. डा. देवीप्रसाद गौतमप्रति म कृतज्ञ छु । त्यसै गरी शोधपत्रको तयारीका क्रममा सहयोग, सुझाउ र प्रेरणा दिनुहुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु । यस शोध लेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिने गुरु प्रा. राजेन्द्र सुवेदीको सहयोग मेरा लागि सदैव स्मरणीय रहनेछ । यो शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

यहाँसम्मको अध्ययनका लागि प्रेरणा दिनुहुने पिता महेश्वर प्रसाद पोखरेल र ममतामयी माता उर्मिलादेवी पोखरेल प्रति म आभारी छु । मेरो अध्ययन कार्यमा हरवखत आवश्यक सहयोग गर्दै आजको अवस्थामा पुर्‍याउने मेरी श्रीमती रोजिना पोखरेल (नेपाल) लाई पनि धेरै धन्यवाद दिन चाहन्छु ।यस शोधपत्रलाई छिटो-छरितो र सजग रूपमा टङ्कन गर्ने नयाँ बजार कीर्तिपुरका दाइ सुवाश र जनकलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

........................

युवराज पोखरेल
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर,

शैक्षिक सत्र २०६४/०६५
क्रमाङ्क २१५
मिति : २०७१/१२/१९
काठमाडौं

# अध्याय : एक

# शोध परिचय

## १.१ विषय परिचय

भरतराज पन्त (वि.सं.१९८६-२०६५) नेपाली साहित्यका सुपरिचित व्यक्तित्व हुन् । उनको माता पिताको नाम मणिदत्त पन्त र ललिताकुमारी हो । वि.सं.२००८ सालमा 'जय जय श्री त्रिभुवन' नामक कविता 'त्रिभुवन जन्मोत्सव' अङ्कमा छापिएपछि उनको कवितालेखन सुरू भएको देखिन्छ भने उनको पहिलो पुस्तकाकार रचना 'उर्लेको आँसु' (२०१२) हो । उनले औपचारिक शिक्षा एम.ए.(नेपाली) र संस्कृतमा साहित्याचार्य पूरा गरेको देखिन्छ । उनका हजुरबुबा र बुबा पनि साहित्यकार भएकाले सानै उमेरदेखि माध्यमिक कालीन कविहरूका कविताहरू पढ्ने मौका पाएका थिए र पछि गएर लेखनाथ पौडेल, भीमनिधि तिवारी जस्ता साहित्यकारको सम्पर्कले गर्दा आफ्नो काव्य साधनालाई अघि बढाएको देखिन्छ । उनले नेपाली साहित्यका कविता, निवन्ध, कथा, जीवनी जस्ता विधामा कलम चलाएको पाइन्छ ।

वि.सं.२००८ देखि हालसम्म उनका प्रकाशित विभिन्न विधाका विभिन्न कृतिहरूले उनको साहित्यिक व्यक्तित्व झल्काएको पाइन्छ । पूर्वीय शास्त्रीयतावादी/परिष्कारवादी शैलीशिल्प युक्त कविका रूपमा देखिएका भरतराज पन्तले आफ्ना कविता/काव्यहरूमा परिष्कारवादी मान्यतालाई हरसम्भव आत्मसात गरेको देखिन्छ । कविताको मझौला रूप भनिने खण्डकाव्यात्मक कृतिहरू **दिनेश**(२०२८), **शैलपुत्री** (२०३९), **चन्द्रहास** (२०३९) र **भित्रबाहिर** (२०५०) रचना गरी नेपाली खण्डकाव्यको परम्परामा स्थापित भएका खण्डकाव्यकार भरतराज पन्तको समग्र खण्डकाव्यकारिता सम्बन्धी अनुसन्धानात्मक अध्ययन हालसम्म नभएकाले त्यसको परिपूर्ति गर्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ । यसमा उनका खण्डकाव्यात्मक कृतिहरूको वस्तुपरक अध्ययन-विश्लेषण गरी उनको खण्डकाव्यकार व्यक्तित्वको वस्तुगत प्रस्तुति दिइएको छ ।

## १.२ समस्याकथन

कवि भरतराज पन्तले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएको पाइन्छ । उनको अन्य विधाभन्दा कविता विधा मौलाएको देखिन्छ । उनले नेपाली कविताको क्षेत्रका दिएको योगदानलाई कदर गरेर उनको विषयमा अध्ययन भए पनि उनको खण्डकाव्यहरूको

विस्तृत अध्ययन हुन सकेको छैन । तसर्थ उनको खण्डकाव्यकारितालाई केन्द्र बनाई निम्नलिखित मुख्य समस्यालाई विवेचनात्मक अध्ययन गरिएको छ :

१. खण्डकाव्यको सैद्धान्तिक मान्यताका सापेक्षतामा भरतराज पन्तका खण्डकाव्यहरू कस्ता छन् ?
२. भरतराज पन्तको खण्डकाव्यात्मक प्रवृत्तिहरू के के हुन्?

## १.३ शोधकार्यको उद्देश्य

यो शोधपत्रको मूल उद्देश्य समस्याकथनमा उठाएका सम्पूर्ण समस्या समाधान गर्नु रहने छ । विशेषतः भरतराज पन्तको खण्डकाव्यहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु रहने छ । यस शोधकार्यका मूलभूत उद्देश्यहरू निम्नलिखित बुँदागत रूपमा देखाउन सकिन्छ :

१. भरतराज पन्तका खण्डकाव्यहरूलाई खण्डकाव्यका सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्नु,
२. भरतराज पन्तका खण्डकाव्यात्मक प्रवृत्तिहरूको निक्र्यौल गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको अथक साधनामा सशक्त रूपमा कविता साधना गर्ने कवि भरतराज पन्तका बारेमा गरिएको अध्ययन क्षेत्र भने पूर्ण रूपमा बाँझो भने छैन । कवि पन्तका बारेमा लेखिएका केही कृतिहरू प्रकाशित भइसकेका र केही शोधपत्रहरू पनि विभिन्न प्रयोजनका लागि प्रस्तुत भइसकेका छन् । आधुनिक नेपाली कविताको परिष्कारवादी शिल्पयुक्त भावाभिव्यक्ति पोख्तै कविताका क्षेत्रबाट आफ्नो सार्वजनिक साहित्य यात्रा प्रारम्भ गर्ने भरतराज पन्तको समग्र कृतिहरूको विश्लेषण, कवि व्यक्तित्वको विश्लेषण र मूल्याङ्कन जस्ता कार्यहरू भई सके पनि उनका खण्डकाव्यात्मक कृतिहरूको विस्तृत अध्ययन तथा विश्लेषण भएको पाइँदैन भने झन् खण्डकाव्यकारिता सम्बन्धी अध्ययन त गरिएकै छैन । छिटफुट रूपमा उनका खण्डकाव्यहरूको चर्चा विभिन्न समालोचकहरूले विविध सन्दर्भमा गरेतापनि ती अध्ययन खण्डकाव्यको सैद्धान्तिक आधारमा गरिएको अध्ययन देखिँदैन । उनका खण्डकाव्यात्मक प्रवृत्ति, खण्डकाव्ययात्रा र नेपाली साहित्यको विकासमा उनका खण्डकाव्यले पुऱ्याएको योगदानका बारेमा जे जति अध्ययन भएका छन् । ती मध्ये केहीलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

(क) बालकृष्ण समले **दिनेश** खण्डकाव्य (२०२८) 'परिचय' शीर्षकमा हाम्रा कवि भरतराज पन्तले कविता विधाले त्यो गरेर देखाए : नेपाललाई एक उत्तम शोककाव्य दिए, आफ्ना प्रिय पुत्र दिनेशलाई अमर बनाइदिए अनि आफू स्वयं अमर बने भनेका छन् ।

(ख) माधवप्रसाद घिमिरेले **दिनेश** खण्डकाव्य (२०२८) 'आँसुको समवेदना' शीर्षकमा दिनेश शोककाव्यको अन्त्यमा पुग्दा मलाई आँसुको रूमिलिँदो मानवरोवर एकाएक शान्त भएर सजग ज्योतिमा परिवर्तित भएको अनुभव भयो, करूणरसको परिणति निरर्थ, निराश र निःशेष होइन परन्तु शाश्वत सान्तवना र अशेष शान्ति हो भनेर भनेका छन् ।

(ग) माधवप्रसाद घिमिरेले **पच्चीस वर्षका खण्डकाव्य** (२०३९)को सम्पादकीयमा भरतराज पन्त वर्णवृत्तमा रमाउँछन् र उनी शब्दलाई केलाउन, अलङ्कारलाई खेलाउन र मौलिक अभिव्यक्तिमा पनि शास्त्रीयतालाई मिलाउन सक्छन् भनेका छन् ।

(घ) **दोभान** (२०४१, ने.रा.प्र.प्र.) को प्रकाशकीयमा माधवप्रसाद घिमिरेले 'शब्दसँग खेल्न सक्नु र काव्यानन्दको दुःखलाई भुल्न सक्नु यही नै भरतराज पन्तको वैशिष्ट्य हो भनेका छन् ।

(ङ) फणीन्द्रराज निरौलाले *'भरतराज पन्तका काव्यकृतिहरूको अध्ययन'* (२०४४) शीर्षककोअप्रकाशित शोधपत्रमा "भरतराज पन्तले नेपाली साहित्यलाई प्रचुर फुटकर रचनादेखि महाकाव्यसम्म कृतिहरू दिएका छन् र कलात्मक र महत्त्वपूर्ण रचना प्रदान गरेका छन्" भन्छन् ।

(च) मोहनराज शर्मा र दयाराम श्रेष्ठले संयुक्त रूपमा **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०४६) मा "संस्कृत छन्दको सर्वाधिकार प्रयोग  गरेर प्रौढ र मर्मस्पर्शी कविता लेख्छन् भनेर भरतराज पन्तका बारेमा चर्चा गरेका छन् ।

(छ) विजयबहादुर मल्लले '*नमस्कार*' (२०४६) शीर्षकको प्रकाशकीयमा शब्दहरूसँग खेल्न अत्यन्त निपूर्ण कवि पन्त ज्यू कतै शब्दहरूका माध्यमबाट अनेकार्थयुक्त भावलाई अघि सार्नु हुन्छ भने कतै अभिधाद्वारा वा व्यञ्जनाद्वारा व्यक्त गर्नुहुन्छ भनेर चर्चा गरेका छन् ।

(ज) **नेपाली कविता भाग-४** (२०४७) मा वासुदेव त्रिपाठी र अन्यले पन्तको कविताका बारेमा यस्तो भनाइ राखेका छन्- परिष्कारवादी धारामा क्रान्ति स्वरलाई प्रखर रूपमा २००७ सालका पूर्वापर सन्दर्भमा सुसेल्ने कविका रूपमा पूर्णप्रसाद ब्राहमणलाई पनि

सम्भन सकिन्छ । यसै शास्त्रीय परम्परामा भरतराज पन्तको नाम पनि चर्चा गर्न सकिन्छ ।

(ञ) जगन्नाथ शर्मा त्रिपाठीले 'भित्रबाहिर हेरेपछि' (२०५०) भूमिकामा पन्तप्रतिको दृष्टिकोण यसरी प्रस्तुत गरेका छन् - लेखनाथको लेखन स्वतन्त्र कवितामा जति मनोरम ढङ्गले अगाडि बढेको छ, अनुवादमा त्यति गति लिन त्यसले सकेको देखिँदैन । कवि पन्तज्यूले यस कालमा निर्दिष्ट सबै विद्वान्हरूलाई उछिन्नु भएको ।

(झ) राममणि रिसालले, **नेपाली काव्य र कवि** (२०५०) मा भरतराज पन्तका बारेमा यसो भनेका छन्- अगमसिंह गिरी, अच्छा राई 'रसिक', भरतराज पन्त, देवज्ञराज न्यौपाने, वासुदेव त्रिपाठी आदिका वार्णिक छन्द, मुक्तक र गद्य छन्दमा लेखिएका कविता उत्तम श्रेणीमा दरिन्छन् ।

(ट) खगेन्द्र लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा पूर्वीय काव्यशास्त्रको अनुसरण गरी शास्त्रीय नियमहरूको प्रायः उलङ्घनविना नै नियमबद्ध रूपले परिष्कृत परिमार्जित कविताको सिर्जना गर्ने भरतराज पन्त वर्तमान समयमा पनि कविताको सिर्जना गर्ने भरतराज पन्त वर्तमान समयमा पनि शास्त्रीयतालाई कायमै राख्ने कवि हुन् भनेर चर्चा गरेका छन् ।

(ठ) महादेव अवस्थीले **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** (२०६४) मा परिष्कारवादी खण्डकाव्यहरूको नाम चर्चा गर्दा भरतराज पन्तको नाम पनि चर्चा गरेका र यिनका 'उर्लेको आँसु', 'दिनेश', 'चन्द्रहाँस' र 'मेरो रमु' खण्डकाव्यको नाम उल्लेख गरेका छन् ।

यसरी कवि भरतराज पन्तका बारेमा विभिन्न विद्वान्हरूले थरीथरीका टिप्पणी गरेको पाइन्छ । उनले लेखेका काव्यहरूको समग्र अध्ययनभन्दा उनका काव्यहरूका भूमिका लेखनमै कतिपय विद्वानहरू सीमित रहेका छन् । भरतराज पन्तको काव्यकृतिहरूको चर्चा गर्दा छिटफुट रूपमा भए पनि विभिन्न समालोचकहरूले उनको नाम केही कृतिहरूको नाम मात्र उल्लेख गरेको पाइन्छ । उनका खण्डकाव्यहरूको खण्डकाव्यको सिद्धान्त अनुरूप कसैले पनि अध्ययन गरेको पाइँदैन भने झन् उनको खण्डकाव्यकारिताको चर्चा त कतै पनि पाइँदैन । उनका समग्र काव्यकृतिहरूको विश्लेषण र मूल्याङ्कनमा कसैले चासो देखाएका छैनन् भने उनका खण्डकाव्यात्मक प्रवृत्ति र उनले नेपाली खण्डकाव्यमा पुऱ्याएको

योगदानको गहन अध्ययन पनि हुन सकेको छैन । तसर्थ यिनै विषयलाई ध्यानमा राखेर कवि भरतराज पन्तको विषयमा विस्तृत अध्ययन यस शोधपत्रमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

प्रस्तुत शोधकार्यमा भरतराज पन्तका खण्डकाव्य कृतिहरूको विश्लेषण खण्डकाव्य सिद्धान्तका आधारमा गरी उनको खण्डकाव्य प्रवृत्ति तथा योगदानका बारेमा वस्तुगत निष्कर्ष स्थापित गरिएको छ । यस शोधपत्रमा गरिएको अनुसन्धानात्मक अध्ययनले उनको खण्डकाव्यकारिताको सम्बन्धमा प्रामाणिक निष्कर्ष प्रस्तुत गर्ने हुनाले यस शोधपत्रको प्राज्ञिक एवं अनुसन्धानात्मक औचित्य पुष्टि हुनेछ । कवि पन्तलाई खण्डकाव्यकारका रूपमा चिन्न र उनका खण्डकाव्यका बारेमा जान्न एवं नेपाली साहित्यको इतिहासलेखन तथा साहित्यिक गतिविधिको मूल्याङ्कनमा पनि यस शोधकार्यले आंशिक सहयोग पुऱ्याउने हुनाले यो शोधपत्र उपयोगी बन्ने छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

कवि भरतराज पन्तले निबन्ध, कथा, जीवनी आदि विधामा कलम चलाए पनि प्रस्तुत शोधपत्रमा भने उनका खण्डकाव्य कृतिको अध्ययन र विश्लेषण गरी खण्डकाव्यात्मक प्रवृत्तिको निरूपण गरिएको छ । उनका खण्डकाव्यहरूको विश्लेषण गर्दा खण्डकाव्यका तत्त्वहरूको मात्र प्रयोग गर्नु यस शोधको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधमा शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधिको चर्चा गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोधकार्यको सामग्री सङ्कलनमा पुस्तकालयीय विधिको अधिक उपयोग गरिएको छ । त्यस क्रममा सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकाहरूको आवश्यक अध्ययन-मनन गरी तथ्य सङ्कलन गरिएको छ । यस शोधकार्यका प्रमुख सामग्री कवि भरतराज पन्तका खण्डकाव्यात्मक कृतिहरू रहने छन् भने उनका अन्य काव्यकृतिहरूको र उनको कवित्वका बारेमा विभिन्न अध्येताहरूले गरेको अध्ययन पनि यसका सहायक सामग्री बन्ने छन् । त्यस्तै खण्डकाव्यको सैद्धान्तिक अध्ययनका लागि र नेपाली खण्डकाव्यको परम्पराको अध्ययनमा तत् तत् विषय क्षेत्रका सामग्रीहरू सङ्कलन गरिएका छन् ।

### १.७.२ सैद्धान्तिक ढाँचा र विश्लेषण विधि

खण्डकाव्यकार भरतराज पन्तका खण्डकाव्य कृतिहरूको अध्ययन-विश्लेषण गर्दा मुख्यतयाः खण्डकाव्यका तत्त्वहरू आख्यान विधान, सर्ग योजना, लयविधान, अलङ्कारविधान र भाषाशैलीलाई विश्लेषणको आधार बनाइएको छ। आख्यानविधानअन्तर्गत कथावस्तु, पात्रविधान र परिवेशविधानलाई समेटिएको छ । अन्य तत्त्वहरूका सापेक्षतामा पनि प्रत्येक खण्डकाव्यको छुट्टाछुट्टै शीर्षक-उपशीर्षकमा अध्ययन-विश्लेषण गरिएको छ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सन्तुलित र व्यवस्थित बनाउनका लागि शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरी सबै अध्यायलाई आवश्यकताअनुसार दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक, उपशीर्षक र उप-उपशीर्षकमा विभाजन गरिएको छ। यस शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठन यस प्रकार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : खण्डकाव्यको सैद्धान्तिक स्वरूप र खण्डकाव्यका तत्त्वहरू

अध्याय तिन : खण्डकाव्यकार भरतराज पन्तकोखण्डकाव्य कृतिहरूको विश्लेषण

अध्यायचार : खण्डकाव्यकार भरतराज पन्तका प्रवृत्ति,

अध्यायपाँच : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्री सूची

# अध्याय : दुई

# खण्डकाव्यको सैद्धान्तिक स्वरूप र खण्डकाव्यका तत्त्वहरू

## २.१ विषय प्रवेश

प्रस्तुत शोधको यस अध्यायमा कविता विधाको एक उपविधाको रुपमा खण्डकाव्यलाई परिभाषित गरिएको छ । खण्डकाव्य सम्बन्धी पूर्वीय र पाश्चात्य मान्यताको चर्चा गर्दै नेपाली साहित्यमा खण्डकाव्यको स्थान र त्यसका तत्त्वहरू बारे चर्चा गरिएको छ । खण्डकाव्य विश्लेषणका आधारहरू बारे यस अध्यायमा उल्लेख गरिएको छ ।

## २.२ कविताको एक उपविधाको रूपमा खण्डकाव्य

साहित्यका विविध विधा मध्ये कविता विधा पनि एक हो । खण्डकाव्यलाई कविता विधाकै एक उपविधाका रूपमा लिने गरेको पाइन्छ । यसैले खण्डकाव्यको चिनारी दिन पुग्नु भन्दा पहिले साहित्य र कविता विधातर्फ सर्सर्ती दृष्टि दिनु आवश्यक देखिन्छ ।


साहित्यको अर्थ गर्ने क्रममा विभिन्न विद्वान्हरूले आफ्ना धारणाहरू अघि सारेका छन् । यसै क्रममा एकथरी भनाई यस्तो रहेको छ (थापा, २०५०, पृ. : २-३) । सहित्यस्य भावः साहित्यम् । अर्थात् शब्द र अर्थ कल्पना, भावना अनुभूति र अभिव्यक्तिको एकत्र सहभाव, सहअस्तित्त्व भएको रचना साहित्य हो । साहित्य शब्दको अर्को व्युत्पत्तिगत अर्थ 'हितेन सह तस्यभाव साहित्यम्' भन्ने हुन्छ अर्थात् प्राणी वा मानवमात्रको कल्याणको भावनाको पवित्र उद्देश्यलेयुक्त रचना नै साहित्य हो ।

उपर्युक्त व्युत्पत्तिका अनुसार साहित्य भन्नु मानव कल्याणको अभिप्रायले युक्त शब्द र अर्थको सहभावमा गरिने अभिव्यक्ति हो । संस्कृत साहित्यमा साहित्यलाई काव्यशब्दद्वारा चिनाइएको छ । यो मात्र होइन पश्चिमी साहित्यमा पनि साहित्यका बारेमा वृहद अध्ययन गरिएको छ । साहित्य भित्रकै एक विधा कविता हो । वाचन र श्रवण गरेर कानका माध्यमबाट आस्वाद ग्रहण गरिने रचनालाई नै कविता मानिन्छ । त्यसैले कवितालाई श्रवण विधाको रूपमा स्वीकारिन्छ । वैदिक लोकसाहित्य 'श्रुति' परम्पराकै विकसित भएको र कविताको सम्बन्ध खोज्दै जाँदा त्यहीँ पुगिने हुनाले यो कुरो पुष्टि हुन जान्छ । कविता पद, शब्द र पाउहरूको विशिष्ट विन्यास भएको रचनाका रूपमा चिनिँदै आएको हुनाले यसलाई पद्यका रूपमा स्वीकारिएको मानिन्छ । यो लोकप्रिय प्राचीन विधाको रूपमा परिचित छ । कविता छन्दबद्ध, लयबद्ध र भावप्रधान साहित्यिक विधा हो ।


लयकै आधारमा अरू विधाबाट कविता विधालाई छुट्याउन सकिन्छ। पाश्चात्य साहित्यको प्रभावमा विकसित कविताले पनि लयलाई छाड्न नसक्नुले कविताको एक प्रमुख 'पेवा' तत्त्व लय नै हो भन्ने तथ्य प्रस्ट हुन आउँछ। कविताका अनेक रूपहरू छन्। तिनीहरूलाई कविता विधाको उपविधामा भनिएको पाइन्छ।

साहित्यको एक विधा कवितामा कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्वस्फूर्त भावनालाई छन्द वा लयमा उनिएको हुनाले यसको महत्त्व बढी भएको अनुभव हुन्छ। पूर्वीय संस्कृत साहित्यमा काव्य शब्दभित्र सम्पूर्ण साहित्यिक विधाहरू रहने हुनाले पुरानो परम्परा देखिँदै आए पनि चौधौँ शताब्दीका आचार्य विश्वनाथले साहित्यका दुई वर्ग वा भाग हुन्छन् (विश्वनाथ, ई. १९८८ : पृ. ५-६) भनी वताएको पाइन्छ। उनका अनुसार श्रव्य विधासँग पद्य र गद्य रहेका हुन्छन् भने दृश्यान्तर्गत 'रूपक' (हालको नाटक) रहेको मानिन्छ। यस वर्गीकरणबाट पनि कविता विधा पद्य विधासँग सम्बन्धित भएको थाहा हुन्छ। पहिले-पहिले छन्दका दृष्टिकोणबाट पद्यमा लेखिएका रचनाहरू मात्र कवितामा गणना गरिने प्रचलन रहेपनि आधुनिक कवितामा गद्यले पनि स्थान लिएको पाइन्छ। पद्य र गद्यमा भेद नगरी हेर्दा लयात्मक एकालापको कथन पद्धतिको प्रधानता भएको एक साहित्यिक विधाका रूपमा कविता विधा रहेको देखिन्छ (अवस्थी, २०६४ : पृ. ३)।

कविता विधाका विभिन्न उपविधाहरू छन्। पूर्वीय संस्कृत परम्परामा प्रचलित वर्गीकरणअनुसार तिनीहरूका रूपलाई यसप्रकार देखाउन सकिन्छ -



संस्कृत साहित्यमा कविताका उपविधाका रूपमा यसरी विभिन्न शीर्षक दिइए पनि विषयको आयाम अनुभूतिको मात्रा र संरचनाका आधारमा कविताका उपविधाहरूलाई निम्नानुसार देखाइएको पाइन्छ ।




यसप्रकार कविताका उपविधाहरूको वर्गीकरण गरिएबाट प्रत्येकको चिनारी पाउन सजिलो हुने देखिन्छ । कविताको सबैभन्दा सानो रूपलाई लघुतम रूप मानिन्छ । यो दुई हरफको हुन्छ । यसलाई द्विपदी पनि भनिन्छ । यो रूप मुक्तकका नामले पनि चिनिन्छ । संस्कृत कविता विधाका चिन्तन शृङ्खला ध्वनिवादी आचार्य आनन्दवर्द्धन र अभिनव गुप्त (क्रमश: नवौँ र दसौँ शताब्दी) ले गरेको उल्लेखानुसार माथि उल्लेखित उपविधालाई चिनाइए पनि यसैलाई अर्को नाममा पनि विभाजन गरेको पाइन्छ । जस अनुसारका कविताका उपभेदहरू मुक्तकदेखि युग्मक, विशेषक, कलापक, कुलक जस्ता पाँच पूर्वश्रेणी र पर्यायबन्ध, परिकथा खण्डकाव्य सरलकथा र सर्गबन्धजस्ता पाँच उत्तरश्रेणी गरी बढीमा जम्मा दश श्रेणीहरू पर्दछन् (त्रिपाठी र अन्य, २०५३ : पृ. ७) । तर, संस्कृत कविता परम्पराअन्तर्गत सार रूपमा कविताको लघुतम रूपलाई एक श्लोकी मुक्तकबाट थाल्दै पाँच श्लोके कुलकसम्म अथवा कम चर्चित रहेका सातश्लोके तारावली, आठ श्लोके भुवनावली नौश्लोके रत्नावली (दश श्लोकभन्दा कमका कविता) सम्मलाई लघुरूप मानी त्यसपछि खण्डकाव्यको मध्यम रूप नाघी बृहत् रूप महाकाव्य सर्गबन्धसम्म पद्य वा कविताविधा विस्तार भएको पाइन्छ ।

कविताको उपविधा वर्गीकरणको प्रमुख आधारका रूपमा यसको लमाइलाई पनि लिइएको पाइन्छ । यसै सन्दर्भमा महादेव अवस्थीले कविताका समष्ठि हरफ, पृष्ठ आदिको पठन र श्रवणसँग सम्बन्धित कथनकालको लम्बाइ चाहिँ कवितात्मक लमाइको आयाम हो (अवस्थी, २०६४ : पृ.४) भनेको पाइन्छ । यस प्रसङ्गमा खासगरी कविताको लम्बाइसँग

सम्बन्धित प्रकारलाई नै कविताको उपविधा भन्ने गरिन्छ। लम्वाइका आधारमा कविताका लघुतम कविता, लघुकविता, मध्यम कविता (मध्यम आयामको) बृहत् कविता (बृहत् आयामको) र बृहत्तर कविता (वृहत्तर आयामको) (अवस्थी, २०६४ : पृ. ४)। यी मध्ये दुईदेखि चार पाउसम्मको लम्बाइमा पूर्ण हुने सबभन्दा छोटो कविता चाहिँ लघु कविता हो र यस अन्तर्गत गीत-गजल, स्त्रोत्र फुटकर कविता जस्ता लघुरूपका कवितात्मक अभिव्यक्तिहरू पर्दछन्। खासगरी चतुष्पदी दुई श्लोकदेखि १९ श्लोके र सो सरहको पङ्तिपुञ्जमा आधारित अनुच्छेदगत लम्बाइ भएको कविता लघुकविताले चतुष्पदी २० श्लोकभन्दा बढीको लम्बाइ पनि लिएको देखिन्छ। एक हजार भन्दा बढी र बढीमा चारहजार नौ सय उनान्सयसम्मको चतुष्पदी श्लोक संस्थागत लम्बाइ भएका कवितालाई बृहत कविता वा महाकाव्य भनिन्छ। कविताको पङ्क्तिगत लम्बाइका आधारमा हेर्दा श्लोक सङ्ख्या एक समयभन्दा बढी भएको प्रबन्धात्मक काव्यलाई खण्डकाव्यको कोटीमा उभ्याइएको पुष्टि हुन्छ।

आख्यानात्मक र पञ्चसन्धियुक्त (सकलाङ्गवर्णनात्मक) बृहत प्रबन्धकाव्य, जसमा कम्तीमा एक हजार श्लोक सङ्ख्या हुन्छ, त्यसलाई महाकाव्यको नामले चिन्ने गरिन्छ। नेपाली साहित्यको क्षेत्रमा प्रचलित गाथा, लहरी सवाइ जस्ता रूपका साथै नेपाली लेख्य साहित्य क्षेत्रका दूतकाव्य, कोशकाव्य, शतकाव्य, गीतिकाव्य, खण्डकाव्य र लामो कविता जस्ता कवितात्मक रूपलाई तिनको लम्बाइका आधारमा मोटामोटीमा कविता मध्यम रूप अन्तर्गत राख्ने गरिन्छ(अवस्थी, २०६४ : पृ. ४)। कविता विधामा फुटकर कविता, लघुकविता, महाकाव्य र बृहत रूप भएकाले कविताको मझौला रूपभित्र खण्डकाव्य समेटिने कुरो सत्य सावित हुन्छ। खण्डकाव्य स्वरूपगत रूपमै मझौला हुने हुनाले कविताका उपविधा मध्ये मध्यम आकारप्रकारको उपविधाका रूपमा खण्डकाव्य रहने कुरा स्पष्ट हुन्छ। लघु कविताले एक प्रहर एक क्षण विशेषको अनुभूतिलाई अँगालेको हुन्छ भन्ने महाकाव्यले सिङ्गो जीवनको बहुविधा पक्षको विशाल फाँटमा चहारिरहेको हुन्छ तर खण्डकाव्यले सिङ्गो जीवनको एक देश आँखीझ्यालबाट च्याउँदा देखिने सानो संसार वा एक दृश्यलाई आफ्नो विषयवस्तु बनाएको हुन्छ। कुनै एक रसको परिपाक कुनै एक दुई सन्धिको निर्वाह र कुनै एक दुई वर्गको प्रतिपादन गर्ने खण्डकाव्य विषयको आयामका दृष्टिले पनि मझौलो कित्तामा स्वतः गाँसिन पुग्छ। संरचनाका दृष्टिले पनि खण्डकाव्य मध्यम स्तरीय काव्यमै देखापर्दछ। लघुकविता अनुभूतिको अभिव्यक्तिसँगै स्वतः संरचित

हुन्छ। आख्यानको अभाव र सूक्ष्माख्यानको स्थिति रहने हुँदा लघुकवितामा अनुभूति र आख्यान छुट्टिएको हुँदैन। त्यसैले त्यहाँ संरचनाको आयोजना गरिरहनु पर्दैन। खण्डकाव्यको स्वरूप सुरू हुनासाथ अनुभूतिको मात्रा पनि विस्तृत हुँदै गएको हुन्छ। अनुभूतिको विस्तृत आरम्भ खण्डकाव्यदेखि हुने हुनाले त्यसलाई छताछुल्ल पोखिनेदेखि वचाएर मूर्तरूप दिन आख्यानको सहारा लिनुपर्ने हुन्छ। यस स्थितिमा कविले अनुभूतिलाई आख्यानमा उनेर प्रबन्धन गर्ने काम गर्दछ। आख्यानको विकल्पमा भाव तथा विषयका आधारमा पनि अनुभूतिका संयोजन खण्डकाव्यमा हुन सक्छ। महाकाव्यको संरचना सशक्त हुने र लघुकविता स्वतः संरचित हुने हुनाले संरचनाका आधारमा पनि खण्डकाव्य कविताका अन्य रूपभन्दा छुट्टै किसिमको काव्य हो भन्ने ठहर हुन्छ।

## २.३ खण्डकाव्यको परिभाषा

'खण्डकाव्य' शब्दको निर्माण दुई शब्दको योगबाट भएको छ। नेपाली व्याकरणमा उल्लेख भएको शब्दनिर्माण प्रक्रिया अन्तर्गत समास विधिबाट निर्मित यस शब्दमा 'खण्ड' र काव्य शब्दहरूको उपस्थिति देखिन्छ। यी दुई शब्दहरूको छुट्टाछुट्टै अर्थ खोजी गर्दा खण्डकाव्यको अर्थ टुक्रा वा अंश भन्ने बुझिन्छ। 'काव्य' भन्नाले कविको भावनाको लयात्मक विकास भन्ने बुझिन्छ। 'काव्य' शब्दले कवितासँग सम्बन्ध राख्ने र 'खण्ड' ले एक अंश वा टुक्राको अर्थ बोध गराउने कुराको जानकारी भइसकेपछि यी दुबै मिलेर बनेको 'खण्डकाव्य' शब्दले दिने सिङ्गो अर्थ खोज्नु सान्दर्भिक हुन्छ। यसै क्रममा यसका अर्थलाई कुनै एक विषयको अभिव्यक्ति दिने सर्ग भएको वा नभएको प्रबन्धात्मक लघुकाव्यका रूपमा लिने गरिएको पाइन्छ (त्रिपाठी र अन्य, २०४० : पृ. २८३)। यस आधारमा खण्डकाव्यको अर्थ खोज्दा खण्ड जीवनका बारेमा काव्य 'खण्डकाव्य' हो भन्न सकिन्छ। जीवनका कुनै एक महत्त्वपूर्ण घटनाविशेष सन्दर्भ विशेष प्रसङ्ग विशेष, पाटो विशेषलाई केन्द्रमा राखेर उक्तिमा प्रस्तुत गरिएको रचना नै खण्डकाव्य हो भनी बुझ्न सजिलो पर्ने देखिन्छ।

कुनै पनि सिर्जना र त्यसबारे गरिने सैद्धान्तिक अध्ययनको निकटतम सम्बन्ध हुन्छ। सिर्जनाको सृष्टिपछि मात्र त्यसको सैद्धान्तिक चर्चा परिचर्चा र टीका टिप्पणीहरू हुने गरेको पाइन्छ। पूर्वीय संस्कृत वाङ्मयलाई संसारकै सर्वप्राचीन 'चिन्तनकेन्द्र' मानिन्छ भने त्यसमा पनि आद्यग्रन्थ ऋग्वेद हो भनी मानिँदै आएको छ। साहित्य सिर्जनाको परम्परा सुरू भई ज्ञानविज्ञान बारे विशद तथा गम्भीर छलफल समेत हुँदै आएको प्रसङ्ग विभिन्न ग्रन्थहरूमा भेटिन्छ। यति हुँदाहुँदै पनि साहित्यका बारेमा आधिकारिक चर्चा दोस्रो शताब्दीका आचार्य

भरतमुनिदेखि मात्र हुँदै आएको बुझ्न सकिन्छ। दोस्रो शताब्दीका आचार्य भरतदेखि काव्यको चर्चा सामान्य रूपमा भए पनि काव्यलाई समग्र साहित्यको रूपमा लिएको थाहा हुन्छ। भरत, भामह, दण्डी कसैले पनि खण्डकाव्यको विशेष चर्चा गरेको पाइँदैन। पूर्वीय काव्य चिन्तनको परम्परालाई सुस्पष्ट मार्गमा लैजाने काम चौधौँ शताब्दीका आचार्य विश्वनाथले गरे। उनले आफ्नो लक्षण ग्रन्थ साहित्य दर्पणमा साहित्यका विधाहरूको चिन्तन गरेका छन्। काव्यका विभिन्न भेदहरू मध्ये 'खण्डकाव्य' भनी तोकेर सैद्धान्तिक अध्ययन गर्ने प्रथम आचार्य विश्वनाथ नै हुन्। विश्वनाथले प्रबन्धकाकाव्यका चार प्रकारलाई (क) काव्य (ख) खण्डकाव्य (ग) कोश काव्य र (घ) महाकाव्य भनी बाँडेका छन्।

खण्डकाव्यको सर्वप्रथम आधिकारिक परिभाषा गर्ने क्रममा विश्वनाथले (खण्डकाव्य भवेत्काव्यस्यैकदेशानुसारि च) (विश्वनाथ, ई.सं. १९८८ : पृ. ४६५) जीवनको एक देश वा एकखण्डलाई अनुशरण गर्ने काव्य खण्डकाव्य हो भनेका छन्। यस परिभाषामा विश्वनाथले खण्डकाव्यको स्वरूपलाई एक देशको अनुशरण गर्ने रचनाको रूपमा लिएका छन्। यहाँ काव्य भनेर खास एक अर्थ प्रधान हुने रचनालाई भनिएको छ। यही काव्यको एक देशलाई विश्वनाथले खण्डकाव्य मानेका छन्।

नेपाली साहित्यमा खण्डकाव्य सम्बन्धी अवधारणा प्रस्तुत गर्ने व्यक्तिहरूमा माधवप्रसाद घिमिरेको आफ्नै स्थान छ। खण्डकाव्य सम्बन्धमा उनले अघि सारेको मान्यतानुसार 'कविताको विस्तृत रूप नै काव्य हो। यहाँ एक भावले अर्को भावलाई प्रेरित गर्छ र अनेकन भाव प्रवाहरूपमा बग्न थाल्छ। यहाँ निर्झरले खोलालाई बोलाउँछ– लघुकाव्य बन्छन् खोलाले नदीलाई बोलाउँछ– ललित महाकाव्य बन्दछन्, नदीले सागरलाई बोलाउँछन्– बृहदकार महाकाव्य बन्छन् (घिमिरे, २०३९:पृ.७)। खण्डकाव्यका बारेमा घिमिरेले सारेको टिप्पणी निकै गहकिलो र आफ्नै कवितात्मक शैलीमा विभिन्न विम्बहरूको सहयोग लिई कविताको लघुदेखि बृहदकारसम्मका चार मुख्य उपभेद (फुटकर कविता, लघुकाव्य, ललित महाकाव्य र वृहदकार महाकाव्य)लाई चिनाउन खोजेका छन् (अवस्थी, २०६४:पृ.४३)। नेपाली साहित्यमा सर्वप्रथम पीएच.डी. गर्ने साहित्य चिन्तक तथा समालोचक वासुदेव त्रिपाठीको खण्डकाव्यका बारेमा आफ्नै खालको धारणा रहेको पाइन्छ। उनी खण्डकाव्यलाई कविताको लघुतम भन्दा विस्तारित तर बृहत् रूपभन्दा कम आयाम अँगाली आख्यानात्मक वा आख्यानरहित जीवन जगत्को एक अंशलाई अन्वितिपूर्ण वा समष्टि प्रभावका एकत्वमा व्यक्त गर्ने लयात्मक प्रबन्धात्मक मझौला आयामका कविता

(त्रिपाठी र अन्य, २०४० : पृ. ५४) भनी परिभाषा गर्दछन् ।नेपाली साहित्यलाई पूर्वीय चिन्तन धाराकै निर्देशनानुसार चिनाउन खोज्ने पण्डितराज एवम् साहित्य प्रदीपकार सोमनाथ सिग्द्यालको खण्डकाव्य सम्बन्धी मान्यता झण्डै झण्डै विश्वनाथसँग मिल्दोजुल्दोझैँ प्रतीत हुन्छ । उनी खण्डकाव्यलाई 'काव्य' १५ को एक टुक्राजस्तो छोटो, कथानकलाई लिएर शृङ्खलित रूपमा बिचैबाट छोटो काव्य (सिग्द्याल, २०१६ : पृ. १०९) भनी चिनाउँछन् । सोमनाथ सिग्द्यालको यस परिभाषामा केही मौलिक छनक पाइएपनि यसलाई पूर्ण रूपमा मौलिक भन्न सकिने आधार छैन ।

*नेपाली भाषा साहित्यसेवी एवम् विभिन्न समालोचनात्मक ग्रन्थहरूका स्रष्टा (महादेव अवस्थी, खण्डकाव्यमाथि आफ्नो अभिमत यसरी राख्दछन् : खण्डकाव्य आख्यानात्मक वा आख्यानरहित दीर्घकविता (लामो कविता भन्दा लघु वा छोटो कविता भन्दा लामो र त्यहाँका विविध मध्यम कविता रूप (शोककाव्य, गाथाकाव्य, छन्दोबद्ध रोमाञ्जकाव्य, पद्यनाट्यकाव्य, पत्रकाव्य, व्यङ्ग्यकाव्य, चरित्रकाव्य, ऋतुकाव्य, गोपकाव्य) प्रयोगवादी लामो कवितालाई समेट्ने र विस्तारित गाथा ( महाकाव्य, गाथाचक्र तथा कलात्मक महाकाव्य भनिने दीर्घत्तर आख्यानात्मक कविता) भन्दा सङ्क्षिप्त कविता रूप हो (अवस्थी, २०६४ : पृ. ४७) ।*

अवस्थीको यस परिभाषामा खण्डकाव्यका रूपमा शोककाव्य, गाथाकाव्य छन्दोवद्ध रोमाञ्चककाव्य लगायतका विभिन्न किसिमका मझौला आकारको कवितात्मक स्वरूप खण्डकाव्य हुन्छ भनी चिनाउने प्रयास भएको पाइन्छ । यसमा विविधखाले मझौला काव्यहरूको समुच्च बनोट खण्डकाव्यसँगै मिल्ने भनी त्यसैसँग राखेको भेटिन्छ । यसरी खण्डकाव्यका बारेमा दुई कुरालाई किटेको पाइन्छ । ती दुई पक्षहरू (क) सैद्धान्तिक वा परम्परागत पक्ष (ख) प्रयोगपक्ष हुन भन्न सकिन्छ । माथि प्रस्तुत भएका परिभाषा मध्ये विश्वनाथ र सोमनाथको परिभाषा बढी सिद्धान्तमुखी रहेको देखिन्छ भने माधवप्रसाद घिमिरे, वासुदेव त्रिपाठी र महादेव अवस्थीको विचार प्रयोगपक्षसँग बढी नजिक रहेर प्रस्तुत भएको पाइन्छ । माथि दिएका परिभाषाहरू मध्ये वासुदेव त्रिपाठीको खण्डकाव्यसम्बन्धी चिन्तनले नेपाली साहित्यमा अहिले सम्मको सर्वाधिक विस्तार र व्यख्या प्राप्त गरेको खण्डकाव्य मान्यताको उपाधि प्राप्त गरेको छ ।

उपर्युक्त परिभाषाहरूले खण्डकाव्यलाई आकारप्रकार, लय र प्रबन्धनका तिन प्रमुख आधारमा पनि परिभाषित गरेको देखिन्छ । जसमा खण्डकाव्य कविताका प्रमुख तिन

रूप/लघु, मध्यम र बृहत्) मध्ये मध्यम रूप हो। यसमा कविताको आधारभूत गुण, लयवैशिष्ठ्य बोकेर प्रस्तुत हुन्छ। यसको विशिष्ठ मौलिकताको रूपमा प्रबन्धलाई लिएको पाइन्छ। प्रबन्धकाव्य हुनका लागि निश्चित आख्यानतत्त्व हुनुपर्छ। आख्यान तत्वका धागामा कविताका लहर वा हरफहरू कलात्मक रूपमा उभिएको हुनुपर्छ। यस्तो कवितात्मक आख्यान सिङ्गो जीवनको नभएर जीवनको कुनै एक महत्त्वपूर्ण खण्ड वा प्रसङ्गको हुनुपर्छ। यसको संरचना एकभन्दा बढी सर्गहरूमा पनि हुन सक्छ वा सर्गविहीन रूपमा पनि हुनसक्छ। यो जसरी तयार भए पनि आख्यान विषय, पात्र र अनुभूति जस्ता चीजहरू यसमा एकान्वित भएको हुनुपर्छ। गद्य वा पद्य जुनसुकै लयमा लेखिएको भए पनि कवितात्मक गुण (यतिक्रम), लयविधानको स्पष्ट उपस्थिति, आलङ्कारिक भाषा, विधागत संगठन आदि भएकै हुनुपर्छ। अर्थात् लयविधान, आख्यानमा केन्द्रित निश्चित ठाउँ, समय र कार्यको एकान्विति खण्डकाव्यका अनिवार्य सर्त हुन्। यिनै विशेषता भएको काव्यलाई खण्डकाव्य मान्न सकिन्छ। यहाँ प्रस्तुत गरिएका काव्यपारखी विभिन्न विद्वान् महानुभावहरू र तिनीहरूको उपर्युक्त व्याख्यालाई आधार मानी खण्डकाव्यको परिभाषालाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ।

गद्य वा पद्य जुनसुकै लयमा लेखिए पनि कवितात्मक लयविधान गरी मानवजीवन वा अन्य कुनै विषयको एउटा टुक्रो वा पाटोसँग सम्बन्धित भई शृङ्खलावद्ध रूपमा प्रस्तुत गरिएको आख्यानात्मक मझौला प्रबन्धकाव्य नै खण्डकाव्य हो।

## २.४ खण्डकाव्यका मुख्य तत्त्वहरू

कविता विधा र यसका उपविधाहरूका बारेमा यहाँसम्म गरिएको चर्चाबाट खण्डकाव्यलाई कविता विधाको एक दरो उपविधाका रूपमा लिन सकिन्छ। खण्डकाव्यको पूर्णस्वरूप निर्माणमा आवश्यक पर्ने अङ्गहरूलाई यसका तत्त्वहरूका रूपमा लिने गरिन्छ। तत्त्व भन्नाले कुनै वस्तु, रचना, पदार्थका अङ्गावयव वा संरक्षक घटकहरूलाई चिन्न सकिन्छ। साहित्यमा रहने गुण, धर्म, सामग्री र अङ्गावयव आदि साहित्यका तत्त्वका रूपमा स्वीकारिन्छन्। साहित्यको एक विधा कविता र कविताको एक प्रमुख उपविधा ‘खण्डकाव्य’ आकारप्रकार, आख्यानगत सीमितता र व्यापकता आदिका दृष्टिले महाकाव्य भन्दा सानो हुन्छ। कविता, खण्डकाव्य र कविताका अन्य रूपमा आकार, आयाम र संरचना तत्त्वमा केही भिन्नता देखिए पनि कविताका सबै रूप वा उपविधाको आत्मा वा भावपक्ष एकै हुने कुरा निश्चित छ। जीवनको शारीरिक संरचनाका आधारमा हेर्ने हो भने भुसुना, कमिला,

मानिस र हात्तीमा निकै भिन्नता देखिन्छ । तापनि यी चारै जीवहरू प्राण वा आत्माको दृष्टिले समान मानिन्छन् । त्यस्तै कविता विधाको अन्य उपविधाको काव्यिक संरचनामा भिन्नता भए पनि केन्द्रीय आत्मतत्त्व एउटै रहेको हुन्छ । यस आधारमा भाव, भाषा, लयचाहि कविताका उपविधागत सबै रूप वा भेदका प्रमुख अङ्ग हुन् । यसका साथै शीर्षक कल्पना विचार, सङ्गीत, कथनपद्धति कविताकै अङ्ग मानिन्छन् । यसर्थ कविताको आत्मपक्ष भाव चिन्तन हो भने शरीर वा संरचनापक्ष भाषा नै हो ।

कवितालाई कलापक्ष र भावपक्ष गरी दुई चिरा पारी चिनाउन पनि सकिन्छ । कविताको भावपक्ष अन्तर्गत अनुभूति, संवेदना, विचार, दर्शन, चिन्तन जस्ता पक्षहरू पर्दछन् भने कलापक्ष अन्तर्गत भाषा र लयजस्ता बाह्य तत्त्वहरू पर्दछन् । कविताविधाकै सशक्त उपविधा खण्डकाव्यलाई यसमा प्रयोग भएको विभिन्न काव्यात्मक ढाचाका रूपमा पनि छुट्याउने गरिन्छ । यही ढाचाहरूको निरूपणपछि खण्डकाव्यका तत्त्वहरू निर्धारण गर्नुपर्ने देखिन्छ । यी तिन ढाँचाहरूलाई वासुदेव त्रिपाठीका अनुसार पहिलोमा धेरथोर (सूक्ष्म वा स्थूल) अख्यानीकरणमा आधारित लयवद्ध भावद्वारा जीवनको एक देश वा एकांशलाई प्रस्तुत गरी निर्माण गरेको पाइन्छ । दोस्रो ढाँचामा कुनै स्थान, प्रसङ्ग, घटनाविशेष, व्यक्तित्वविशेष, भावविशेष वा विचारविशेषलाई केन्द्रविन्दु मानी प्रवाहित भएको कवितात्मक अभिव्यक्तिको मध्यम रूप पर्दछ । यसै क्रममा आउने तेस्रो ढाँचा प्रयोगवादी धारामा प्रचलित 'लामो कविता' हो । यसमा प्रयोगवादी अति क्लिष्टता बाहेक चाहिँ पाश्चात्य लामो वा दीर्घ कविताकै अनुसरणक्रम बढी छ (त्रिपाठी र अन्य, २०५३ : पृ. ५४-५५) । यिनै आन्तरिक र बाह्य बनोटको ढाँचा वा पक्षका आधारमा खण्डकाव्यका तत्त्वहरू यसप्रकार रहेका भेटिन्छन् ।

### २.४.१ आख्यानयोजना

खण्डकाव्यमा आख्यान योजना अत्यन्तै महत्त्वपूर्ण कुरा हो । आख्यानयोजना खण्डकाव्यको मात्र आधारभूत तत्त्व नभई कविताका सबै उपविधागत भेदकै अमूर्त आधारभूत तत्त्व मानिन्छ। आख्यानयोजना भित्र कथावस्तु अनुकूलको पात्र र त्यही अनुसारको परिवेश सिर्जना गरिएको हुन्छ । यी तिन कुराहरूको सही तालमेल नै आख्यानयोजना हो । यस खालको तालमेल नभएको खण्डकाव्य उत्कृष्ट आख्यानीकरण भएको मान्न सकिँदैन । कविले आफ्ना मनका भावनाहरू कथावस्तुमार्फत् पात्र तथा परिवेशलाई आधार बनाएर व्यक्त गरेका हुन्छन् । जुन निम्नानुसार देखाउन सकिन्छ ।

## क. कथावस्तुयोजना

पाश्चात्य साहित्यमा कथावस्तु सम्बन्धी मान्यता एरिष्टोटलबाट सुरू भएको मानिन्छ । संस्कृत साहित्यमा इतिहास र जनमानसमा लोकप्रियता प्राप्त गरेको कथालाई कथावस्तुको रूपमा लिइएको भेटिन्छ (थापा, २०५० : पृ. ५८) । कार्यकारण शृङ्खलामा आबद्ध कथानकमा चरित्र, भाव र विचार जस्ता कुराहरू समावेश हुन्छन् । खण्डकाव्यमा आख्यानभित्र कथाको उपस्थिति हुनाले यसमा कथावस्तुको महत्त्वपूर्ण स्थान हुन्छ । खण्डकाव्यमा कथानक पढ्दै जाँदा पाठकमा उत्सुकता थपिँदै जान्छ । यसमा शृङ्खलित कथानक हुन्छ । यसका सर्गान्तमा भावी घटनाको सङ्केत देखाइँदैन । कथावस्तुलाई शृङ्खलित र शिथिल गरी विभाजन गरेको पनि देखिन्छ । कथावस्तुको शृङ्खलित विन्यास नै कथावस्तु योजना हो ।

## ख. पात्रयोजना

खण्डकाव्यमा कथावस्तु कुनै न कुनै रूपमा रहेकै हुन्छ । कथावस्तुमा घटना र कार्यव्यापारको अन्तरक्रियाका लागि पात्र वा चरित्रको आवश्यकता हुन्छ । खण्डकाव्यमा काव्यकारले कथावस्तु अनुकूलका पात्रहरू सिर्जना गरेको हुन्छ । ती पात्रहरू नारी, पुरूष या अन्य कुनै वस्तु पनि हुन सक्छन् । खण्डकाव्यमा आएका पात्रहरू प्रायः मञ्चीय हुन्छन् । कतिपय पात्रहरू नेपथ्यगत पनि भेटिन्छन् । मञ्चीय पात्रहरू आपसमा बैरभाव गर्छन् र कुनै विषयबारे आफ्ना प्रतिक्रिया व्यक्त गर्दछन् । सूक्ष्म वा क्षीण कथानक भएका खण्डकाव्यमा चरित्रको खासै प्रधाना पाइँदैन । जे होस खण्डकाव्यमा चरित्रहरू सिङ्गो समाजको प्रतिनिधित्व गर्ने हुनुपर्दछ भन्ने मान्यतापनि पाइन्छ । खण्डकाव्यको नायक वा नायिका कसमा कथावस्तु बढी घुमेको छ,त्यो सङ्घर्षशील, धीरोदात्त कर्तव्यनिष्ठ त्यस्तै कुशल गृहिणी, पतिपरायणरमणी, प्रेमकाक्षिणी हुनुपर्छ भनी स्वीकारिएको पाइन्छ ।

## ग. परिवेशयोजना

साहित्यमा परिवेशको चित्रण गरिएको हुन्छ । कतिपय साहित्यिक कृतिहरू परिवेश प्रधान पनि देखिएका छन् । परिवेश खण्डकाव्यको महत्त्वपूर्ण पक्ष हो । पात्रले भोगेको जीवनजगत्को चित्र नै परिवेश हो । कुनै पनि कृतिको उद्देश्यानुरूप वातावरण सिर्जना गरिएको हुन्छ । वातावरणबाट कथानकको मर्मको चिनारी गर्न पनि मद्धत पुग्छ (न्यौपाने, २०३८ : पृ. १५०) । खण्डकाव्यको कथाले दिएको पृष्ठभूमि, स्थान र वातावरण आदि परिवेश अन्तर्गत पर्दछन् । परिवेश कुनै पनि खण्डकाव्यमा रहेकै हुन्छ । कुन समयको, कुन

पारिवारिक सन्दर्भको अथवा कुन विश्व सन्दर्भको चर्चा हो ? त्यसको उल्लेख खण्डकाव्यमा कथासँग आएको हुन्छ। वातावरण, कथानक र पात्रको परिवेश अनुरूप ग्रामीण तथा सहरिया हुन सक्छ। पात्रले भोग्ने रीतिरिवाज, भेषभूषा, रहनसहन, चिन्तनमनन्, साहित्यिक परिवेशका महत्त्वपूर्ण पक्ष हुन् ।

## २.४.२ भावविधान

पूर्वीय काव्य शास्त्रमा भावको अस्तित्त्वलाई स्वीकारिएको पाइन्छ। सत्यवस्तु प्रचूरमात्रामा पाइन्छ। (नासतो विद्यते भावो नाभावोविद्यते सतः) (गीता, २/१६) भाव भन्नाले कवितामा प्रयुक्त शब्दशब्दको शक्ति मानिन्छ। प्रत्येक विषयमा भावको अस्तित्त्व रहेकाले कवितामा पनि यो रहेको पाइन्छ। आख्यानीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्यचाहिँ भाव नै हो। भावले विभिन्न अनुभूति बोध गराउँछ। खण्डकाव्यमा जीवनजगत्को एक पक्षको मात्र चित्रण हुने हुनाले कथावस्तु पनि प्रायः एउटै रसप्रवाहमा गतिशील हुन्छ। शृङ्गार, वीर, शान्त, करूण र हास्य रसमध्ये कुनै एक रसको मात्र प्रधान्य खण्डकाव्यमा हुने गर्दछ। जसरी मानव शरीरमा केन्द्रीय भाग मुटु मानिन्छ त्यसरी नै रसलाई कविताको मुटुका रूपमा मानिन्छ। भावले नै भावकमा रसानुभूतिको अनुभव गराउने हुँदा कविताको एक महत्त्वपूर्ण अङ्गका रूपमा भावको वा रसको संयोजन हुनु आवश्यक देखिन्छ।

## २.४.३ आयाम र सर्गयोजना

खण्डकाव्यको बनोटलाई सर्ग संरचनाका आधारमा पनि हेर्ने गरिन्छ। फुटकर कवितामा अनुभूति, आकार र आयाम संक्षिप्त हुने भएकाले फुटकर कविताको संरचनाका लागि कवि सचेत हुनु आवश्यक मानिँदैन। फुटकर कविताको आकारप्रकार र आख्यान पक्ष सूक्ष्म हुने भएकाले यो स्वतः संरक्षित हुने र बृहत रूप महाकाव्यमा सर्ग, पर्व र काण्ड जस्ता संरचनाको आयोजना गरिएको हुन्छ। संरचना वा सर्गका आधारमा हेर्दा ‘खण्डकाव्य’ कविता भन्दा ठूलो, महाकाव्य भन्दा सानो आकार र श्लोक सङ्ख्या कम भएको काव्यका रूपमा देखापर्दछ ।

## २.४.४अलङ्कार योजना र विविध शिल्प प्रविधि

साहित्यिक अभिव्यक्तिका शब्द र अर्थलाई भव्य एवम् सुन्दर बनाउने तत्त्वलाई अलङ्कार भनिन्छ। यस्तो अलङ्कार योजना खण्डकाव्यमा पनि गरिन्छ। खण्डकाव्यमा जुन तत्त्वले भाषाको वर्णगत रम्यताको सृजना गर्छ त्यो शब्दालङ्कार हो। यस अन्तर्गत

अनुप्रास, यमक, श्लेष आदि शब्दालङ्कार पर्दछन् । खण्डकाव्यमा कथ्य अर्थलाई बढी संवेद्य र सुन्दर पार्नामा भूमिका खेल्न आउने अर्थगत अर्को तत्त्वलाई अर्थालङ्कार भनिन्छ । उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा, अतिशयोक्ति आदि अर्थालङ्कारका अनेक प्रकार छन् ।

## २.४.५ लयविधान

कविता विधाको मुख्य परिचयनै त्यसमा प्रयोग हुने लयबाट छुटिन्छ । लयबाट विशेष खालको श्रुतिमाधुर्य प्राप्त हुन्छ (थापा, २०५०, पृ. ५६) ।कवितालाई अन्य विधाबाट व्यतिरेकी बनाउने प्रमुख तत्त्व लय भएकाले खण्डकाव्यको रचनामा पनि यसको महत्त्व ज्यादै छ । विद्वान्हरूले कवितामा बाह्य लय र आन्तरिक लय गरी दुई प्रकारका लय स्वीकारेका छन् । बाह्य लयको अनुशासन छन्द र लोकलयका कवितामा स्वीकारिएको हुन्छ भने आन्तरिक लय गद्य कवितामा हुन्छ । गद्यकविता आन्तरिक लयका कारण कथा कविता र निबन्ध भन्दा पृथक भएको हो । भाषाशैलीको पङ्तिगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत आह्लाद नै लयविधानको लक्ष्य हो (अवस्थी, २०६४ : पृ. ४९) । अतः कविहरूले खण्डकाव्यमा लोकलय र शास्त्रीय छन्द जस्ता बाह्यलयलाई र गद्य कविताको जस्तो आन्तरिक लयमध्ये कुनै पनि लयको प्रयोग गर्न सक्दछन् । नेपाली साहित्यमा छन्दमा लेखिएको खण्डकाव्य ॠतुविचार, उर्वशी आदि छन् । वार्णिक छन्द लोकलयमा रचिएको खण्डकाव्यमा मुनामदन मुक्तलय वा गद्यमा रचिएको खण्डकाव्य मायाविनी सर्सो हो ।

## २.४.६भाषाशैली

भाव अभिव्यक्ति गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । कुनै काम गर्ने प्रणाली काम गराइको ढाँचा, परिपाटी, छन्द आदिलाई शैली भनिन्छ (त्रिपाठी र अन्य, २०४० : पृ. १२६७) । कुनै पनि कृतिमा शैली साधन मात्र हो । त्यति हुँदा हुँदै पनि यसको ज्यादै महत्त्व रहेको हुन्छ । लेखकको योग्यता र क्षमतामा शैली जन्मन पुग्दछ भन्ने मानिन्छ । शाब्दिक प्रयोग र भाषिक उच्चताका दृष्टिले शैली सरल र अलङ्कृत गरी दुई प्रकारका हुन्छन् । शैलीका भेदहरू रचना विधानका आधारमा घटनाप्रधान, चरित्रप्रधान, प्रतीकात्मक र परिवेशका आधारमा ग्रामीण र सहरिया जस्ता पाइन्छन् । व्यक्ति पिच्छेको शैली फरक फरक हुन्छ । खण्डकाव्य शास्त्रीय छन्द, मुक्त छन्द र लोकलयमा पनि रचित हुन सक्छ (थापा, २०५०, पृ. ५६) । खण्डकाव्यमा विभिन्न विम्व र प्रतीकहरूको प्रयोग

गरिएको हुन्छ। अलङ्कारिक प्रश्नात्मक भाषाशैलीको प्रयोगले खण्डकाव्यलाई ओजिलो पार्दछ। यसर्थ भाषाशैली खण्डकाव्यको अपरिहार्य तत्त्व हो।

## २.५ खण्डकाव्यको वर्गीकरण

साहित्यका विभिन्न विद्याहरूमध्ये एउटा विद्या कविता र कविताका विभिन्न उपविद्या मध्ये 'खण्डकाव्य' पनि एक उपविद्या हो भनी माथिनै चर्चा गरिसकिएको छ। जीवन जगत्को कुनै एक महत्त्वपूर्ण खण्ड वा घटनालाई टिपेर कवितात्मक लयविधानमुताविक शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको एकान्वितिपूर्ण आख्यानात्मक मझौला प्रबन्धकाव्य नै खण्डकाव्यको रूपमा परिचित भएको पाइन्छ। साहित्यका फाँटमा विशेषतः पूर्वीय आचार्य विश्वनाथका पालादेखि स्पष्ट चर्चामा आएको खण्डकाव्य पनि थरिथरिका कोटिमा विभाजन भएर चिनिने गरेको छ। यही विभाजनलाई यहाँ खण्डकाव्यको वर्गीकरण गर्दा तलका आधारहरू लिएको पाइन्छ।

### २.५.१ विषयवस्तुको आधार

खण्डकाव्य रचनाका लागि कविले कुनै न कुनै विषयवस्तु चयन गरेकै हुन्छ। विषयवस्तु क्षीण वा स्थूल पनि हुनसक्छ तर विषयवस्तुको मियोमा खण्डकाव्यकारले लय र भावनाको संयोजनबाट सुन्दरतम् खण्डकाव्यात्मक सिर्जना दिन पुग्दछ। विषयवस्तुका आधारमा खण्डकाव्यहरू ऐतिहासिक, सामाजिक, पौराणिक, दार्शनिक, राजनैतिक लगायतका भेटिन्छन् (ज्ञवाली, रामप्रसाद र अन्य, २०६४ : पृ. १३७)। इतिहासको घटना वा पात्रलाई विषय बनाएर लेखिएको खण्डकाव्य ऐतिहासिक खण्डकाव्य मानिन्छ। समाजभित्रका समस्या, विशेषता र यथार्थतालाई विषय बनाएर लेखिएको खण्डकाव्य सामाजिक खण्डकाव्य हुन्छ। पुराण धर्मग्रन्थ आदिलाई विषय बनाएर लेखिएको खण्डकाव्य पौराणिक खण्डकाव्यको वर्गमा पर्दछ। कुनै जीवनदर्शन विशेषलाई विषय बनाएर लेखिएको खण्डकाव्य दार्शनिक खण्डकाव्य हुन्छ। त्यस्तै राजनीतिलाई केन्द्रमा राखेर लेखिएको खण्डकाव्य राजनैतिक खण्डकाव्य मानिन्छ (ज्ञवाली, रामप्रसाद र अन्य, २०६४ : पृ. १३७)। नेपाली साहित्यमा माधवप्रसाद घिमिरेको राजेश्वरी र राष्ट्रनिर्माता ऐतिहासिक खण्डकाव्य हो भने लक्ष्मीप्रसाद देवकोटाको मुनामदन र कुञ्जिनी सामाजिक विषयमा लेखिएका खण्डकाव्य हुन्। सिद्धिचरण श्रेष्ठको उर्वशी पौराणिक खण्डकाव्य हो। यसैगरी बालकृष्ण समका आगो र पानी दार्शनिक खण्डकाव्य हो भने रामप्रसाद ज्ञवालीको एकादेशमालाई राजनीतिक विषयमा लेखिएको खण्डकाव्यको उदाहरणको रूपमा लिन सकिन्छ।

## २.५.२ आख्यान प्रयोगको आधार

यो वर्गीकरण खण्डकाव्यमा भएको संरचनालाई आधार मानेर गरिन्छ। आख्यानात्मक खण्डकाव्यका दुई उपवर्ग छन्। (क) स्थूल आख्यानात्मक र (ख) सूक्ष्म आख्यानात्मक, आख्यानरहित खण्डकाव्यका पनि दुईवटा उपवर्ग छन् ती हुन (१) आख्यानेत्तर विषयवस्तुगत भाव शृङ्खलात्मक खण्डकाव्य (२) अवचेतनामूलक भाव प्रवाहात्मक लामो कविता, पहिलो उपवर्गलाई कोरा काव्यमा राख्न सकिन्छ भने दोस्रो उपवर्गलाई चाहिँ प्रयोगवादी लामो कविता भन्ने गरिन्छ। खण्डकाव्यले लिने लमाइको आयामबाट पनि यसको प्रकार छुट्टयाउन सकिन्छ। यस आधारबाट पनि यसका पुष्ट खण्डकाव्य र अपुष्ट खण्डकाव्य गरी दुई प्रकार हुन्छन्। यी मध्ये पुष्टका मानक र विस्तारित गरी दुई वर्ग देखिन्छन् भने अपुष्टका पनि लघु र लघुत्तर गरी दुई वर्ग देखिन्छन्। स्थूल आख्यानात्मक–मुनामदन र सूक्ष्म आख्यानात्मक-गौरी पुष्ट खण्डकाव्य-ऋतुविचार, मुनामदन, अपुष्ट- पिकदूत, नयाँ सत्यकली संवाद (५८) आख्यानेत्तर- ऋतुविचार लघुत्तर- पिकदूत (३० श्लोक) लघु- सत्यकली संवाद पुष्टमानक- मुनामदन विस्तारित- ऋतुविचार खण्डकाव्य मानिन्छ ।

## २.५.३रूपाकृतिको आधार

खण्डकाव्यलाई रूपाकृतिगत लम्बाइको मात्राका आधारमा दुई उपभेदमा देखाउने गरिएको छ (अवस्थी, २०६४ : पृ. ५२)। पहिलो अपुष्ट वा कृश खण्डकाव्य जसमा २० श्लोकदेखि ९९ श्लोकसम्म लम्बाइ हुन्छ। यस अन्तर्गत पनि पिकदूत जस्तो ३० श्लोक भएको कृशतर र नयाँ सत्यकली संवाद जस्तो जम्मा ५८ श्लोकको कृश वा लघुखण्डकाव्यमा पर्दछन्। त्यसैगरी १०० श्लोकदेखि ९९९ श्लोकसम्मको लम्बाइ हुने खण्डकाव्यलाई पुष्ट वा स्थूल खण्डकाव्यको वर्गमा राखिएको छ। लक्ष्मीप्रसाद देवकोटाको मुनामदन (३४५$^{१}/_{२}$ श्लोक जति) पुष्ट वा स्थूलत्तर खण्डकाव्य भनिएको पाइन्छ। लेखनाथ पौड्यालको ऋतुविचार खण्डकाव्य यही खण्डकाव्यको कोटिमा पर्दछ (अवस्थी, २०६४ : पृ. ५२)। रूपाकृति भित्र सर्गप्रयोगलाई पनि महत्त्वपूर्ण मानिन्छ। सर्गका दृष्टिले सर्गरहित र सर्गसहित गरी दुई भागमा बाँड्न सकिन्छ। यस किसिमको वर्गीकरणमा परेका खण्डकाव्यमा पहिलोमा लक्ष्मीप्रसाद देवकोटाको नयाँ सत्यकली संवाद र दोस्रो किसिमको अर्थात् सर्गसहितको खण्डकाव्य मुनामदन, कुञ्जिनी जस्ता पर्दछन् (अवस्थी, २०६४ : पृ. ५२)। कवितामा कुनै न कुनै रसको प्रवाह भएको हुन्छ। साहित्यमा प्रयोग हुने नौवटा रसहरू अनुसार नै खण्डकाव्यका प्रकार रहेका छन्। त्यसैगरी खण्डकाव्यको रूपाकृति पुष्ट

हुनका लागि त्यसको भाव सुहाउँदो शीर्षकको प्रयोग तथा कथावस्तुको प्रकृतिले पनि महत्त्वपूर्ण स्थान ओगट्दछ ।

### २.५.४ धारा वा प्रवृत्तिको आधार

धारा वा प्रवृत्ति भन्नाले संसारलाई हेर्ने दृष्टिकोण विशेष हो । यसलाई जीवन जगत्प्रतिको रचनाकारको धारणाको रूपमा पनि लिन सकिन्छ । यस आधारमा खण्डकाव्यलाई निम्न लिखित रूपमा देखाउन सकिन्छ ।

(क) स्वच्छन्दतावादी

(ख) परिष्कारवादी

(ग) प्रगतिवादी

(घ) प्रयोगवादी

(ङ) प्रकृतिवादी जस्ता उपभेदहरूमा राखेको पाइन्छ (ज्ञवाली, रामप्रसाद र अन्य, २०६४ : पृ. १३७) ।

शास्त्रीय नियमको पालना गरी बारम्बार परिमार्जन र परिष्कार गर्दै रचिएको खण्डकाव्यलाई परिष्कारवादी भनिन्छ । लेखनाथ पौड्यालको ऋतुविचार बालकृष्ण समको आगो र पानी यसका उदाहरण हुन् । शास्त्रीय नीतिनयमको कठीन परिधिलाई तोडेर समानता, स्वतन्त्रता, भातृत्व, मानवता र रहस्य जस्ता कुरालाई स्वच्छन्द र स्वतःस्फूर्त रूपमा प्रस्तुत गर्ने खण्डकाव्य स्वच्छन्दतावादी खण्डकाव्य हो । लक्ष्मीप्रसाद देवकोटाको मुनामदन र माधवप्रसाद घिमिरेको राजेश्वरी स्वच्छन्दतावादी खण्डकाव्य हुन् । विश्वमा देखिएका नयाँ नयाँ प्रवृत्तिहरू (विसंगतिवाद, अस्तित्ववाद, अतियथार्थवाद, अमूर्तलेखन, चेतन प्रवाह लेखन) अँगाली परम्परागत शैलीभन्दा भिन्न र नयाँ प्रयोगका साथ रचिएको खण्डकाव्य प्रयोगवादी धारामा पर्दछ । मोहन कोइरालाको सूर्यदान र मदन रेग्मीको आजाजुजे पहाड र घाउको आँखा प्रयोगवादी खण्डकाव्य हुन् । मार्क्सवादमा आधारित भई वर्गीय शोषण र सामन्ती राज्यव्यवस्थाका विरूद्ध सर्वहारा वर्गीय दृष्टिकोणसहित रचना गरिएको खण्डकाव्य प्रगतिवादी धाराको हुन्छ । मोदनाथ प्रश्रितको आमाको आँसु गोविन्द भट्टको सत्य सन्देश रामप्रसाद ज्ञवालीको एकादेशमा यस धाराका खण्डकाव्यहरू हुन् (ज्ञवाली, रामप्रसाद र अन्य, २०६४ : पृ. १३७) । यसरी विचार र प्रवृत्तिका आधारमा पनि खण्डकाव्यको वर्गीकरण गर्न सकिन्छ । खण्डकाव्यमा प्रस्तुत गर्ने ढङ्ग पद्धति वा ढाँचालाई शैली भनिन्छ । कथनपद्धतिका आधारमा खण्डकाव्यलाई विभिन्न वर्गमा बाँड्ने गरिएको पाइन्छ । यस

आधारमा हेर्दा (क) प्रथम पुरूष प्रधान (ख) तृतीय पुरूष प्रधान (ग) मिश्रित किसिम भनी छुट्टयाइन्छ। शैलीका आधारमा भन्नुको तात्पर्य पनि यही हो। त्यसैले खण्डकाव्यकारले विभिन्न धारा बाहेक कस्तो शैली अपनाएर लेखेको छ भन्ने कुरा पनि थाहा हुन आउँछ।

## २.६ खण्डकाव्यको विश्लेषण गर्ने आधार

कविता विद्याको एक महत्त्वपूर्ण उपविद्या खण्डकाव्यमा आफ्नो बेग्लै पहिचान पाइन्छ (न्यौपाने, २०४९ : पृ. १२१)। खण्डकाव्यमा जीवनका कुनै एक खण्डको वर्णन गरिने हुनाले यसलाई एकदेशीय पनि भनिएको पाइन्छ। खण्डकाव्य कविताको मझौला रूपमा चिनिने काव्य भएकाले यसको स्वरूप र अन्य पक्षमा केन्द्रित भई गरिने अध्ययन विश्लेषण यस अन्तर्गत पर्दछ। अर्थात्, 'खण्डकाव्य' भनेर नामकरण गरिसकेको कृति के-कति मात्रामा उक्त नामबाट चिनाइनु उपयुक्त हुन्छ भनी विभिन्न कोणबाट केलाउने कार्य वा प्रक्रिया (त्रिपाठी र अन्य, २०४० : पृ. १२३४ ) नै विश्लेषण वा विवेचनाका रूपमा चिनिन्छ। विभिन्न स्रष्टाहरूबाट रचिएको खण्डकाव्यको विश्लेषण समालोचनाका विभिन्न सिद्धान्त प्रणाली र वादहरूका आधारमा गर्न सकिन्छ (अवस्थी, २०६४ : पृ. १८७)। तापनि, साहित्यिक खण्डकाव्य कृतिको विश्लेषणका लागि निम्नानुसारका आधारलाई अघि सारेको पाइन्छ। ती आधारहरू यसप्रकार छन् :

(क) शीर्षक र सर्गयोजना

(ख) कथावस्तु

(ग) पात्रविधान

(घ) परिवेश

(ङ) उद्देश्य

(च ) छन्द,लय र अलङ्कार

(छ) भाषाशैली

सामान्यता खण्डकाव्यको विश्लेषणका लागि उपर्युक्त तत्त्वहरू माथि सूक्ष्म अवलोकन गरी काव्यात्मक कसीमा घोट्ने काम गरिन्छ। यी तत्त्वहरूको आधारभूमिमा रचिएको खण्डकाव्यलाई सबै दृष्टिकोणले एउटा उपयुक्त र सुसङ्गठित खण्डकाव्यको कोटीमा राखेर हेर्न सकिन्छ। उपर्युक्त खण्डकाव्यको विश्लेषण गर्ने आधारभूत तत्त्वहरूलाई छोटकरीमा व्याख्या गर्ने प्रयास तल गरिएको छ।

### २.६.१ शीर्षक र सर्गयोजना

खण्डकाव्यकारले आफ्नो रचनामा कुन विषयलाई उठाएको छ भन्ने कुराको चर्चा यस उपशीर्षकमा गरिन्छ। खण्डकाव्यका विषयहरू सामाजिक, पौराणिक ऐतिहासिक, आर्थिक, धार्मिक, प्राकृतिक आदि भएको पाइन्छ। यिनीहरू मध्ये विश्लेषण गर्न तयार पारिएको खण्डकाव्यको विषयगत परिधि र सीमाको सूक्ष्मावलोकन विश्लेषणका क्रममा गरिन्छ। विषयवस्तुको चुरोबाट वा विषयलाई बोकी हिँड्ने पात्र वा परिवेश कुनबाट शीर्षकीकरण भएको छ भन्ने कुराको लेखाजोखा यसै खण्डकाव्यमा गरिन्छ। आयामले बनोटलाई सङ्केत गरेको पाइन्छ। कुनै पनि खण्डकाव्यको निर्माण श्लोकसङ्ख्याको समुच्च रूपबाट गरिन्छ। प्रायःजसो खण्डकाव्यमा सर्गयोजना पन्छाइएको हुन्छ। सर्ग, खण्ड, छल वा विश्राम आदि नामबाट चिनिने यस प्रकारका बनोटले खण्डकाव्यको पठनलाई चुस्त पार्ने त छँदै छ, स्वरूपमा पनि भिन्नै विशेषता थप्न मद्दत गर्दछ। त्यसैगरी खण्डकाव्यमा वर्णित विषयवस्तुलाई परिवेशमा ढालेर अघि बढाउँदा त्यसको प्रयोगले बढी सार्थकता प्राप्त गर्न सकेको पाइन्छ। परिवेश ग्रामीण, सहरी, साँझ, विहान, मध्याह्न, राति जस्ता नामबाट चिनिन्छ। विषयगत प्रस्तुतिमा यसले धेरै प्रभावकारिता थप्ने काम गर्दछ। खण्डकाव्यमा काव्यकारले कथावस्तु अनुकूलको पात्र सिर्जना गर्नु प्रभावकारी मानिन्छ। कथावस्तुको घटना र कार्यव्यापारका अन्तरक्रियाका लागि पात्रको आवश्यकता पर्दछ। त्यसैले खण्डकाव्यको विश्लेषण गर्ने आधारमध्ये यो पनि महत्त्वपूर्ण मानिन्छ।

खण्डकाव्यको विश्लेषण गर्न माथि लिखित यी आधारहरू मुख्य रूपमा प्रयोग गर्ने चलन पाइन्छ तर खण्डकाव्यको विश्लेषण गर्ने क्रममा यी आधारहरूमध्ये पनि प्रमुख मानिएका कृतिगत सन्दर्भ (प्रेरणा, लेखन र प्रकाशन) विषयवस्तुगत विचार र शीर्षकीकरण, आख्यानात्मक, भावविधान, भाषाशैली, लय, विम्बालङ्कार योजना आदिलाई प्राथमिकता दिइएको छ। यसरी गरिएको अध्ययनबाट भरतराज पन्तका खण्डकाव्यकृतिहरूका यथार्थ पक्षहरू बाहिर आएका छन् भन्ने विश्वास गर्न सकिन्छ।

### २.६.२ कथावस्तु

पाश्चाव्य साहित्यमा कथावस्तु सम्बन्धी मान्यता एरिष्टोटलबाट सुरू भएको मानिन्छ। संस्कृत साहित्यमा इतिहास र जनमानसमा लोकप्रियता प्राप्त गरेको कथालाई कथावस्तुको रूपमा लिइएको भेटिन्छ (थापा, २०५० : पृ. ५८)। कार्यकारण शृङ्खलामा आबद्ध कथानकमा चरित्र, भाव र विचार जस्ता कुराहरू समावेश हुन्छन्। खण्डकाव्यमा

आख्यानभित्र कथाको उपस्थिति हुनाले यसमा कथावस्तुको महत्त्वपूर्ण स्थान हुन्छ। खण्डकाव्यमा कथानक पढ्दै जाँदा पाठकमा उत्सुकता थपिँदै जान्छ । यसमा शृङ्खलित कथानक हुन्छ। यसका सर्गान्तमा भावी घटनाको सङ्केत देखाइँदैन। कथावस्तुलाई शृङ्खलित र शिथिल गरी विभाजन गरेको पनि देखिन्छ। कथावस्तुको शृङ्खलित विन्यास नै कथावस्तु योजना हो ।

## २.६.३ पात्रयोजना

खण्डकाव्यमा कथावस्तु कुनै न कुनै रूपमा रहेकै हुन्छ। कथावस्तुमा घटना र कार्यव्यापारको अन्तरक्रियाका लागि पात्र वा चरित्रको आवश्यकता हुन्छ। खण्डकाव्यमा काव्यकारले कथावस्तु अनुकूलका पात्रहरू सिर्जना गरेको हुन्छ। ती पात्रहरू नारी, पुरूष या अन्य कुनै वस्तु पनि हुन सक्छन्। खण्डकाव्यमा आएका पात्रहरू प्रायः मञ्चीय हुन्छन्। कतिपय पात्रहरू नेपथ्यगत पनि भेटिन्छन्। मञ्चीय पात्रहरू आपसमा बैरभाव गर्छन् र कुनै विषयबारे आफ्ना प्रतिक्रिया व्यक्त गर्दछन्। सूक्ष्म वा क्षीण कथानक भएका खण्डकाव्यमा चरित्रको खासै प्रधाना पाइँदैन। जे होस खण्डकाव्यमा चरित्रहरू सिङ्गो समाजको प्रतिनिधित्व गर्ने हुनुपर्दछ भन्नेमान्यतापनि पाइन्छ। खण्डकाव्यको नायक वा नायिका कसमा कथावस्तु बढी घुमेको छ त्यो सङ्घर्षशील, धीरोदात्त कर्तव्यनिष्ठ त्यस्तै कुशल गृहिणी, पतिपरायणरमणी, प्रेमकाक्षिणी हुनुपर्छ भनी स्वीकारिएको पाइन्छ।

## २.६.४परिवेश

स्थान, समय र वातावरणको संयुक्त रूपलाई परिवेश भनिन्छ । साहित्यमा परिवेशको चित्रण गरिएको हुन्छ। कतिपय साहित्यिक कृतिहरू परिवेश प्रधान पनि देखिएका छन्। परिवेश खण्डकाव्यको महत्त्वपूर्ण पक्ष हो। पात्रले भोगेको जीवनजगत्को चित्र नै परिवेश हो। कुनै पनि कृतिको उद्देश्यानुरूप वातावरण सिर्जना गरिएको हुन्छ। वातावरणबाट कथानकको मर्मको चिनारी गर्न पनि मद्धत पुग्छ (न्यौपाने, २०३८ : पृ. १५०)। खण्डकाव्यको कथाले दिएको पृष्ठभूमि, स्थान र वातावरण आदि परिवेश अन्तर्गत पर्दछन्। परिवेश कुनै पनि खण्डकाव्यमा रहेकै हुन्छ। कुन समयको, कुन पारिवारिक सन्दर्भको अथवा कुन विश्व सन्दर्भको चर्चा हो ? त्यसको उल्लेख खण्डकाव्यमा कथासँग आएको हुन्छ। वातावरण कथानक र पात्रको परिवेश अनुरूप ग्रामीण तथा सहरिया हुन सक्छ। पात्रले भोग्ने रीतिरिवाज, भेषभूषा, रहनसहन, चिन्तनमनन्, साहित्यिक परिवेशका महत्त्वपूर्ण पक्ष हुन् ।

### २.६.५उद्देश्य

रचनाकारले देखे भोगेका अनुभवलाई विश्वसनीय ढङ्गले चित्रण गरी पाठक समक्ष पुऱ्याउनु कुनै पनि रचनाको उद्देश्य हुन्छ । जीवन जगत्का सत्यानुभावलाई काल्पनिक रुपमा प्रस्तुत गरी साहित्यिक आदन प्रदान गर्न कृतिको उद्देश्य रहेको हुन्छ । वास्तवमा उद्देश्य बिना साहित्यिक कृति प्रयोजनहीन र व्यर्थ हुन्छ (पोखरेल, २०४० : पृ. २३२) । उद्देश्यले काव्यलाई कलात्मक बनाउनुका साथै रचनाकारको भावना, जीवन जगत्को चित्रण र नवीन भावनाको समेत प्रकट गरिने भएकाले उद्देश्यलाई खण्डकाव्यको प्रमुख तत्त्वको रुपमा लिइएको छ ।

### २.६.६ छन्द,लय र अलङ्कार

कविता विधाको मुख्य परिचयनै त्यसमा प्रयोग हुने लयबाट छुटिन्छ। लयबाट विशेष खालको श्रुतिमाधुर्य प्राप्त हुन्छ (थापा, २०५० : पृ. ५६) ।कवितालाई अन्य विधाबाट व्यतिरेकी बनाउने प्रमुख तत्त्व लय भएकोले खण्डकाव्यको रचनामा पनि यसको महत्त्व ज्यादै छ। विद्वान्हरूले कवितामा बाह्य लय र आन्तरिक लय गरी दुई प्रकारका लय स्वीकारेका छन्। बाह्य लयको अनुशासन छन्द र लोकलयका कवितामा स्वीकारिएको हुन्छ भने आन्तरिक लय गद्य कवितामा हुन्छ। गद्यकविता आन्तरिक लयका कारण कथा कविता र निबन्ध भन्दा पृथक भएको हो। भाषाशैलीको पङ्तिगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत आह्लाद नै लयविधानको लक्ष्य हो (अवस्थी, २०६४ : पृ. ४९) । अतः कविहरूले खण्डकाव्यमा लोकलय र शास्त्रीय छन्द जस्ता बाह्यलयलाई र गद्य कविताको जस्तो आन्तरिक लयमध्ये कुनै पनि लयको प्रयोग गर्न सक्दछन्। नेपाली साहित्यमा छन्दमा लेखिएको खण्डकाव्य ऋतुविचार, उर्वशी आदि छन्। वार्णिक छन्द लोकलयमा रचिएको खण्डकाव्यमा मुनामदन मुक्तलय वा गद्यमा रचिएको खण्डकाव्य मायाविनी सर्सो हो (त्रिपाठी र अन्य, २०५३ : पृ. १९) ।साहित्यिक अभिव्यक्तिका शब्द र अर्थलाई भव्य एवम् सुन्दर बनाउने तत्त्वलाई अलङ्कार भनिन्छ। यस्तो अलङ्कार योजना खण्डकाव्यमा पनि गरिन्छ। खण्डकाव्यमा जुन तत्त्वले भाषाको वर्णगत रम्यताको सृजना गर्छ त्यो शब्दालङ्कार हो। यस अन्तर्गत अनुप्रास, यमक, श्लेष आदि शब्दालङ्कार पर्दछन्। खण्डकाव्यमा कथ्य अर्थलाई बढी संवेद्य र सुन्दर पार्नामा भूमिका खेल्न आउने अर्थगत अर्को तत्त्वलाई अर्थालङ्कार भनिन्छ। उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा, अतिशयोक्ति आदि अर्थालङ्कारका अनेक प्रकार छन् ।

## २.६.७भाषाशैली

साहित्य भन्नु भाषिक कला पनि हो। कविता आफैमा सुललित पद भएकाले कविताको भाषाशैली सौन्दर्यपूर्ण भइदिओस् भन्ने अपेक्षा गरिन्छ। भाषा र शैली विच घनिष्ट सम्बन्ध हुन्छ। शैलीविज्ञानले कुनै पनि रचनाकारको विशिष्ट रचनाकौशल वा अभिव्यक्तिलाई शैली मान्दछ। शाब्दिक दृष्टि र भाषिक उच्चताका दृष्टिले शैली दुई प्रकारको मानिन्छ (पोखरेल, २०४० : पृ. १३३-१३४)। रचना विधाका आधारमा शैली घटनाप्रधान, चरित्रप्रधान, प्रतीकात्मक र परिवेशका आधारमा ग्रामीण, सहरिया, पत्रात्मक, व्यवसायिक जस्ता भेद उपभेद पाइन्छन् ।

## अध्याय : तिन

# खण्डकाव्यकार भरतराज पन्तका खण्डकाव्य कृतिहरूको विश्लेषण

## ३ १ विषय प्रवेश

खण्डकाव्यकार भरतराज पन्तको खण्डकाव्यहरू दिनेश, शैलपुत्री, भित्रबाहिर, चन्द्रहासको विश्लेषण यस अध्यायमा गरिएको छ । विश्लेषणको लागि खण्डकाव्यका तत्त्वहरू शीर्षक र संरचना, कथावस्तु, पात्रविधान, परिवेश, छन्द तथा अलङ्कार संयोजन, उद्देश्य र भाषा शैली आदिको प्रयोग गरिएको छ ।

## ३.२ दिनेश शोककाव्यको विश्लेषण

वि.सं.२००६ सालदेखि अनवरत रूपमा साहित्य साधनमा संलग्न कवि भरतराज पन्तको दिनेश खण्डकाव्य लघु आयमको शोककाव्य हो । २०२८ सालमा स्वयम् लेखकद्वारा प्रकाशित यो खण्डकाव्य कवि भरतराजको खण्डकाव्याकारिताको पहिलो कृति हो भने पुस्तकार कृतिका प्रकाशनका क्रममा तेस्रो प्रकाशित कृति हो । यसले नेपाली शोककाव्य परम्परामा महत्त्वपूर्ण स्थान ओगटेको छ । वर्णमात्रिक छन्दमा समेत सिद्धहस्त कवि पन्तको यो शोककाव्य शास्त्रीय काव्य मान्यताका लक्षणलाई आत्मसात गरी लेखिएको करुण काव्य पनि हो । पुत्रशोकको पीडालाई काव्यका माध्यमबाट व्यक्त गरिएको हुनाले यसमा हृदयको कारुणिक वेदनाको प्रतिबिम्ब एकातिर छ भने अर्कातिर काव्यमय मार्मिक अनुभूतिको शाब्दिक अभिव्यक्ति छ । यस शोककाव्यको शीर्षक र संरचना, कथावस्तु, पात्रविधान, परिवेश, छन्द र अलङ्कार संयोजन, उद्देश्य र भाषाशैलीका आधारमा प्रवृत्तिगत विश्लेषण गर्नु वाञ्छनीय देखिन्छ ।

### ३.२.१ शीर्षक र सर्गयोजना

दिनेश खण्डकाव्यको शीर्षक काव्यनायक दिनेशकै नामबाट राखिएको छ । यथार्थ विवरणअनुसार वि.सं.२००४ मार्ग ८ गते जन्मेका कविपुत्र दिनेश २०२८ भाद्र ६ गतेका दिन विषपान गरी मृत्युलाई वरण गर्न पुगेबाट कवि हृदय क्षतविक्षत हुन्छ र पुत्रशोकको मार्मिक वेदना कविताका माध्यमबाट व्यक्त हुन पुग्छ ।

यस काव्यको बाह्य संरचना अन्तर्गत १०१ श्लोकहरू छन् र तिनलाई पहिलो अयन र पछिल्लो अयन गरी दुई भागमा विभाजन गरिएको छ । पहिलो अयन ५१ श्लोक र पछिल्लो अयनमा पचास श्लोक रहेका छन् । सबै श्लोकहरू पृथ्वी छन्दको चतुष्पदी रहेका छन् । यस काव्यको दुई अयनमध्ये पहिलो अयनमा कविले छोराको असमायिक अवसानको

मार्मिक पीडा व्यक्त गर्दै पिता माताको अवसानभन्दा पनि ठूलो चोटका रूपमा लिएका छन् र जन्म कालको खुसीयाली र ज्योतिषीको शुभ भविष्यवाणीको सम्झना गरेका छन् । असह्य पुत्रशोकले थिलथिलिएको स्थितिमा छोराको जन्मदेखि मृत्युसम्मको जीवन लीलाको कारुणिक संस्मरण नै यसकाव्यको प्रमुख कथ्य हो । पछिल्लो अयनमा कविले पहिलो अयनमा व्यक्त गरिसकेका कुरालाई पुनः संस्मरण गरेका छन् । कविहृदयबाट भुलभुलाएको वेदना साधारणीकृत हुँदै मानवीय संवेदनालाई स्पर्श गर्न सफल भएको छ । पहिलो अयनले दिएको विवरणको वास्तविक जीवनका कटु क्षणहरूको मर्मान्त अभिव्यक्तिहरूलाई दोस्रो अयनले उद्घाटन गरेको छ ।

## ३.२.२ कथावस्तु

पुत्रशोकका मर्मान्त वेदनालाई विषय बनाएर रचिएको दिनेश खण्डकाव्य कवि पिताको आत्मजलनको काव्यात्मक संस्मरण हो । चौबीस वर्षकै कलिलो उमेरमा विष सेवर गरेर आत्महत्यामा होमिएका दिनेशको मृत्युक्षणबाट आरम्भ गरिएको यो काव्य प्राग्दीप्ति शैलीमा संस्मरण काव्यका रूपमा पनि देखा परेको छ । यस खण्डकाव्यको कथावस्तुलाई पहिलो र पछिल्लो अयन गरी दुई भागमा विभाजन गरेर उपस्थापन गरिएको छ ।

### (क) पहिलो अयन

शोक काव्यको प्रकृतिअनुसार करुणरस अङ्गी रस भएको दिनेश खण्डकाव्य करुण रसको शास्त्रीय मान्यता अनुकूल मृत पुत्र नै आलम्बन र उसका जीवित अवस्थाका संस्मरण उद्दीपन हुन पुगेको चर्चा कविले गरेका छन् । चौबीस वर्षको कलकलाउँदो उमेरमा पहाड थर्काउने, दीप हल्लाउने र महाप्रलय मच्चाउने वैंशालु छोराको मृत्युले कविमा गहिरो आघात पुग्छ । पितृशोक र मातृशोकको खाटा नबस्दै उनमा अर्को भयानक शोक आइपर्छ । सिपालु गृहिणी भए पराले झुप्रो पनि मन्दिर हुन सक्छ, रसिलो मिजास भए जीवन सुन्दर हुन सक्छ र त्यसमा पनि पुत्र भनेको साक्षात प्रेमको तत्त्व पनि हो । कविले छोराको जवानीलाई फूलको कोपिलासँग दाँज्दै उसको जन्मकालको खुसीयाली र रमझमको स्मरण गर्न पुग्छन् । हिन्दु परम्परानुसार छोराले कमाएर ल्याउँछ र सुख दिन्छ भन्ने मान्यता छ जसका कारणले पनि दिनेशप्रति प्रगाढ माया हुनु स्वभाविकै मानिन्छ । दिनेश दानी हुनाका साथै मिजासिलो तथा इमान्दार चरित्र भएको तर पारिवारिक कारणले विषपान गरेको कुरा उल्लेख गर्दै कविले विनाबादल आफ्नो जीवनमा परेको चट्याङको रूपमा लिएका छन् । दिनेशले आवेगमा आएर विषपान गरेको तर पछि मृत्युका मुखबाट बच्न उसले प्रयास

गरेको विवरण दिँदै कविले हिन्दु संस्कृतिअनुसार मरणासन्न अवस्थामा दूध र पानी खुवाउन नपाएको गुनासो गरेका छन् । यस स्थितिमा काव्यकारले संसार नै विरहयुक्त देख्छन् र प्रकृति पनि शोकाकूल रहेको अनुभूति उनलाई हुन्छ । यसरी पुत्रको बाललीला, सबल, चरित्र र विविध पृष्ठभूमिमा पुत्रशोकको दारूण बज्रपातका काव्यात्मक अभिव्यक्ति पहिलो अयनमा पाइन्छ ।

### (ख) पछिल्लो अयन

कुटोरूपी कलमले वाटिकारूपी कागज कोरेर साहित्यिक फूल फुलाउनु पर्ने प्रसङ्गबाट पछिल्लो अयन सुरू भएको छ । मृत्यु हुनु नै छ भने समरमा होस् आत्महत्याबाट होइन भन्ने कवि भरतराज पन्तको धारणा छ । यस क्रममा 'आत्मैव आत्मनो बन्धुरात्मैव रिपुरात्मन" भन्ने आर्ष वाक्य अनुकूल आफैं शत्रु र आफैं मित्र भएको कुरा कवि पन्तले बताएका छन् । दिनेशको मृत्युले स्वयम् मात्र होइन हिमालबाट हिउँ पग्लेर झरे झैं आफन्तहरूमा आँखाबाट आँसु झरिरहेको हुन्छ । वास्तवमा घर उजाड मरूभूमि बन्न पुगेको छ । यस्तो कारुणिकता सिर्जना गर्ने पनि समाज नै हो । दसैं तिहार जस्तै महान् पर्व पनि छोराको अभावले बिरसिलो भएको छ । कवि यस्तो कारणलाई पर्पराउँदो फिटकिरीको संज्ञा दिन रूचाउँछन् । भऱ्याङको कट्कट, लुगाको झुलाई, करुवाको टुसुक्क बसाइँ, चुल्होको रुवाइ, गलुप्पको धिपधिपी तथा कोठरी भरिएको आदि सम्पूर्ण वर्णनले कविलाई पुत्र वियोगको प्रतिविम्बन गरेको भान हुन्छ । छोराको तस्विरले पनि कविमा खाटा बसिसकेको घाउ बल्झाई दिन्छ भने यस्तो अवस्थामा स्वार्थी र सहयोगी तत्त्वहरू रहेको कुरा कविले उल्लेख गरेका छन् । साथीहरूका मलिनताबाट दिनेशको मित्रवत् व्यवहारको उल्लेख गरिएको देखिन्छ भने सारा संसारलाई रूवाएर पिता पुर्खालाई भेट्न गएको प्रसङ्ग पनि देखाइएको छ । दाजुबहिनीको सम्बन्धको उल्लेख गर्दै काव्यकारले मृत्युको मुखमा पुग्दा पनि छोराले विषपानप्रति पश्चाताप गरेको हुन्छ भन्ने उल्लेख गरेका छन् । तर यस्तो अवस्थामा बाँच्न सम्भव नभएका कुरा भने जीवनमा मडारिएको बादल जस्तो उनलाई अनुभव हुन्छ । सिंगारपटारमा रतिभर अल्छी नगर्ने प्रवृत्ति दिनेशमा थियो । छोराको किरिया गर्नुपर्दा कविमा उर्लेको शोकको सीमा रहँदैन तापनि पृथ्वीमा विषपान गरे पनि स्वर्गमा अमृतपान गर्ने सन्देश दिँदै काव्यकारले कथावस्तुको अन्त्य गरेका छन् ।

यसरी दिनेश खण्डकाव्यमा कविले दिवंगत दिनेशलाई विषय बनाएर शोकलाई साधरणीकरण गरेका छन् । आख्यानको सबल गुम्फनमा बाँधिएको दिनेश काव्यको सम्पूर्ण

कथावस्तु छोराकै केन्द्रीयतामा प्रष्ट भएको छ । यस प्रकार शोकलाई विषय बनाई काव्य साधन गर्ने प्रवृत्ति पन्तमा देखिन्छ ।

### ३.२.३ पात्रविधान

कथावस्तुलाई गति दिन पात्रहरूको प्रयोग गरिन्छ । पात्रले कथानकको कार्य गर्छ र कथानकको सम्पूर्ण घटना पात्रमा निहित हुन्छ । पात्रले खण्डकाव्यमा महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले पात्र जीवन्त, सशक्त र संवेद्य हुन आवश्यक छ । काव्यकारले पुत्र शोकलाई कवितात्मक रूप दिइएको यस खण्डकाव्यको मुख्य पात्र दिनेश हो । उनकै सेरोफेरोमा यस शोककाव्यको कथावस्तु आदिदेखि अन्त्यसम्म बाँधिएको छ । दिनेशकै चरित्रलाई स्पष्ट पार्ने सन्दर्भमा बहिनी तथा अच्यूत आदि साथीहरूको नाम उल्लेख गरिएको छ । दिनेश पुरुष, अनुकूल, अगतिशील पात्रको रूपमा देखिन्छ । पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई किसिमका हुन्छन् । यस खण्डकाव्यमा बहिनी, आमाजस्ता स्त्री पात्रको उल्लेख मात्र गरिएको छ भने बाबु तथा साथीहरू पनि भनिएको छ । थोरै पात्र र एकै विषयको गुम्फनमा यस काव्यको संरचना भएको देखिन्छ । कथावस्तुअनुसारको पात्र प्रयोगले खण्डकाव्यलाई उत्कृष्ट बनाएको महसुस हुन्छ । यसरी कथाकारका रूपमा प्रस्तुत भई भावनात्मक विचारलाई प्रस्तुत गर्नु भरतराजको काव्यगत प्रवृत्ति रहेको छ ।

### ३.२.४ परिवेश

दिनेश खण्डकाव्य शोककाव्य भएकाले यसको परिवेश पनि सोही अनुरूप छ । कुनै पनि रचनामा कथावस्तुअनुसारको परिवेश सिर्जना गरिएको हुन्छ । यसअनुसार कविले यस काव्यमा आफ्नो पारिवारिक, सामाजिक, आर्थिक परिवेशको चर्चा गर्दै सामान्य, व्यवहार, सानो परिवार आदिको चर्चा गरेका छन् । आर्थिक परिवेशअन्तर्गत कविले निम्न मध्यम वर्गीय आर्थिक अवस्था सुहाउँदो परिवेशको उपस्थति गरेका छन् । प्रकृतिका वर्णन गर्ने क्रममा कविले दिनेशको शारीरिक, व्यवहारिक, शैक्षिक अवस्थाको वर्णन गर्दै परिवारमा छोराको स्थान, अन्य सदस्यसँग सम्बन्ध तथा बाबुप्रति छोराले देखाउनु पर्ने सद्भावको पनि वर्णन गरेकाछन् ।

मानिसको दुःखमा प्रकृति पनि दुःखी हुन्छे भन्ने प्रसङ्ग उल्लेख गर्दै काव्यकारले छोराको अवसानमा सारा प्रकृति स्तब्ध रहेको कुरा उल्लेख गरेका छन् । धनी र गरिब बिचको असमानता अरूको दुःखलाई पनि आफ्नै दुःखको रूपमा लिने प्रवृत्ति तथा अरूको

दुःखमा हाँसो उडाउने प्रवृत्तिले मानव जीवनमा पार्ने प्रभावको चर्चा गर्दै यस खण्डकाव्यमा कविले दिनेश खण्डकाव्यलाई माधवप्रसाद घिमिरेको गौरी खण्डकाव्यको लगभग हाराहारीमा पुऱ्याएका छन् । कुटी आदिको चर्चाबाट कविले निम्न वर्गीय परिवेशको उल्लेख गरेका छन् भने पारिवारिक अनिष्टताको सङ्केत दिन कविले चट्याङ, बादल, भल आदिको सहारा लिएका छन् । हिन्दुहरूको महान चाड दसैं तिहार पनि विरसिलो भएकाले कवि परिवार आहत देखिन्छ । करुवा, चुल्हो जस्ता ग्रामीण जीवनमा प्रयोग हुने वस्तुहरूको अलावा कतिपय सहरिया सौखिन व्यवहारको पनि वर्णन गरिएको छ ।

## ३.२.५ लय, छन्द र अलङ्कार

परिष्कारवादी कवि भरतारज पन्तद्वारा रचित यो काव्य पृथ्वी छन्दमा लेखिएको छ -

ज.स.ज.स.य.ल.गु = पृथ्वी छन्द

उठे अति अतीतका स्मरण वेदना भैकन
सकने अलमस्त भै रहन कति दुःखी मन
निराश्रम छँदा छँदै पनि भए निराधर म
बगेन यदि आँसु भै, कसरि हट्छ भित्री भ्रम ?

(पहिलो अयन, पृ.३)

शास्त्रीय लयमा लिखित यस खण्डकाव्यमा अन्त्यानुप्रास, छेकानुप्रास तथा अर्न्तलय जस्ता अनुप्रासहरूको समायोजन गरिएको छ । छेकानुप्रासको एउटा उदाहरण हेरौं -

समाज वहिरो कतै अनि समाज अन्धो कतै
समाज निठुरी कतै अनि समाज स्वार्थी कतै
रहन्छु म समाजमै रहन एकलै सक्दिन
उजाड मरूभूमि भैं घर छ अड्न नै सक्दिन

(पछिल्लो अयन, पृ.१७)

माथिको उदाहरण स, क, त, जस्ता वर्णहरू पटक-पटक आएका छन् ।

नलेखिसकिने कथा जति म लेख्छु बढ्ने भयो ।
नबोलिसकिने कुरा जति म बोल्छु गड्ने भयो ।

(पछिल्लो अयन, पृ.१७)

प्रस्तुत उदाहरणमा अ, ए, आ, उ, ए, ओ आदि वर्णहरू उही ठाउँमा आएकाले यहाँ अर्न्तलय पाइन्छ ।

करुण रसप्रधान यस काव्यमा रूपक, उपमा जस्ता विविध अलङकारहरूको प्रयोग गरिएको छ ।

## ३.२.६ उद्देश्य

रचनाकारका अनुभवहरूलाई कृतिका माध्यमबाट पाठकसामु पुऱ्याउनु नै कुनै काव्यको उद्देश्य हो । दिनेश शोककाव्यमा पनि काव्यकारले दिवङ्गत छोरा दिनेशको सम्झना गरेका छन् । यसरी छोराको असमायिक निधनलाई लेखनीको छटनीले पाठकसमक्ष पुऱ्याउनु यसको प्रमुख उद्देश्य हो । विषपानबाट मृत्युलाई वरण गर्न पुगेका दिनेशलाई आख्यानीकरणका माध्यमबाट कवितात्मक प्रस्तुति दिनु यस आख्यानको अर्को उद्देश्य हो । प्रकृतिको वर्णन, आर्थिक सामाजिक चित्रण, पारिवारिक सम्बन्धको व्याख्यामा कविले काव्यकलाको प्रयोग गरेका छन् । उनको जीवनदृष्टि सांसारिक विनाशशीलताको यथार्थ हो र यस्तो बज्रपात सहनु मानव जीवनको बाध्यता हो भनेर कविले उल्लेख गरेका छन् । ईश्वरको प्रार्थना र विविध वैदिक वर्णनहरूले कविको अस्तित्वलाई देखाउँछ भने मित्रताको वर्णन तथा सम्पन्नता र विपन्नताको व्याख्याबाट सह-अस्तित्वको खोजी गरेको देखिन्छ । दुई अयनमा बिभक्त यस कृतिको पहिलो अयनमा कविमा परेको दुःखको साधारणीकरण गरिएको छ भने पछिल्लो अयनमा सम्झनाको पुर्वदीप्ति भएको छ । बालककालदेखि नै कष्टप्रद जीवन व्यतीत गर्न बाध्य भएका कविको जीवनमा छोराको मृत्युको पीडा थपिन पुग्छ । यस पीडाबाट आहत कविको शोकपूर्ण अवस्थामा संरचित यस काव्यको समग्र उद्देश्य आर्थिक, सामाजिक, पारिवारिक स्थितिको पृष्ठभूमिमा दिवङ्गत छोराको सम्झना गर्नु नै रहेको देखिन्छ ।

## ३.२.७ भाषाशैली

दिनेश खण्डकाव्यको भाषा सरल, सरस र सुबोध छ । यस शोककाव्यमा कविले तत्सम, तद्भव, नेपाली तथा केही हिन्दी शब्दहरूको प्रयोग गरिएका छन् । अनुप्रासीय सौन्दर्य र पात्रअनुसारको भाषा प्रयोगले काव्यलाई बढी रोचक बनाएको छ । सरल शैलीका साथै कविले आलङ्कारिक शैलीको पनि प्रयोग गरेका छन् ।

विविध भावनाहरूलाई विविध अलङ्कारले सजाएर अभिधात्मक तथा व्यञ्जनात्मक अर्थमा अनुभूतिको प्रवाह गरिएका छन् । प्रश्नात्मक भाषाका साथै संस्कृतनिष्ट शब्दको प्रयोगले काव्यलाई अझ रोचक बनाएको छ । खण्डकाव्यमा रहेका विविध किसिमका शब्दलाई यसरी देखाउन सकिन्छ -

थियो दिवस भाद्रको फगत घाम छाया हुने
भयो मन उदासिलो फगत घाम छाया हुने
परन्तु दिन ढल्कियो हृदयभित्र छाया पऱ्यो
उठ्यो घनघंटा कठै ! नयनबाट माया झऱ्यो !

(पहिलो अयन, पृ.९)

प्रस्तुत उदाहरणमा दिवस, छाया, परन्तु, माया जस्ता तत्सम शब्दहरूको प्रयोग छ भने घाम आदि तद्भव र फगत जस्ता हिन्दी शब्दको प्रयोग गरिएको छ । काव्यकारले ठाउँठाउँमा प्रश्नात्मक शैलीको प्रयोग गरेका छन् । सरल, सरस र मीठो शैलीमा व्यक्त गरिएका भावले खण्डकाव्यलाई संवेद्य बनाएको छ । दिनेशको वर्णनको क्रममा मीठा बोलचाल तथा व्यवहारिक शब्दहरूको प्रयोग गरेका छन् । छन्दअनुकूल वर्णविन्यासको समुचित प्रयोग यस काव्यमा भएको छ ।

## ३.२.८ निष्कर्ष

दिनेश शोककाव्य कविपुत्र दिनेशको मृत्युलाई लिएर लेखिएको एक सफल खण्डकाव्य हो । छोराको निमित्त समर्पित यस खण्डकाव्यमा कविले दिनेशको जन्मदेखि मृत्युपर्यन्तसम्मको वर्णन गरेका छन् । पहिलो र पछिल्लो गरी दुई अयनमा विभाजित यस काव्यमा पहिलो अयनमा कविले छोराको सम्पूर्ण वर्णन गरेका छन् भने पछिल्लो अयनमा दिनेशको मृत्युको पुर्नदीप्ति गरेका छन् । प्रमुख पात्र दिनेश रहेको यस खण्डकाव्यमा थोरै पात्रको प्रयोग गरिएको छ । कथावस्तु अनुकूलका पात्र र पात्र अनुकूलको परिवेश खडा गरिएको यस काव्यमा करुण रसको प्रयोग गरिएको छ । पृथ्वी छन्दको १०१ श्लोकमा संरचित यस खण्डकाव्यमा विभिन्न अलङ्कार र लयको प्रयोग गरिएका छन् ।

दिनेशको मृत्युलाई लिएर बाबुको हैसियतले यस काव्यको रचना गरिएको छ । २०२८ सालमा विषपानबाट मृत्युलाई वरण गर्न पुगेका दिनेशको सम्पूर्ण वर्णन गर्नु यसको मूल उद्देश्य हो । तत्सम्, तद्भव र केही हिन्दी शब्दहरूको समायोजनबाट रचित दिनेश शोककाव्यमा विविध अलङ्कारको प्रयोग गरिएको छ । अमिधा, लक्षणा र व्यञ्जनाले काव्यलाई बढी संवेध बनाएको छ । समग्र रूपमा हेर्दा यो काव्य दिवङ्गत कविपुत्र दिनेशमा समर्पित छ । यसरी शोकलाई विषय बनाउनु, कम पात्रको प्रयोग गर्नु, घटना वर्णनको क्रममा प्रकृतिको साहारा लिनु, शैलीशिल्पगत सज्जा हुनु, सरल, सरस र सुबोध भाषाशैलीको प्रयोग गर्नु कवि पन्तको खण्डकाव्यगत प्रवृत्तिका रूपमा देखा पर्छ ।

## ३.३ शैलपुत्री खण्डकाव्यको विश्लेषण

कवि भरतराज पन्तको २०३८ सालमा प्रकाशित शैलपुत्री, 'खण्डकाव्य पच्चीस वर्षका खण्डकाव्य' मा सङ्कलित छ (घिमिरे, २०४९: ५५) । पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा विभाजन गरिएको यस रचनाको कथानक पौराणिक रहेको छ र त्यसलाई अति सङ्क्षिप्त रूपमा काव्यकारले यहाँ प्रस्तुत गरेका छन् । पहिलो अर्थात् पूर्वार्द्ध खण्डमा हिमालको अस्तित्व त्यसको महानता एवं देवत्वको चर्चा गुर्नका साथै छ वटै ऋतु चक्रमा शैलपुत्रीको अवतरण भएको कुरालाई प्रस्तुत गरिएको छ भने पछिल्लो अथवा उत्तरार्द्ध खण्डमा सत्यमा आश्रित शिवको अस्तित्वलाई अभिव्यक्त गर्दै कोशीले शैलपुत्रीको आदिम स्वरूपको पूर्ण विवरण दिएर पछिसम्म शास्वत रहने कुराको उल्लेख गरिएको छ (निरौला, २०४४:पृ.१५) । यस काव्यलाई शीर्षक र संरचना, विषयवस्तु, पात्र विधान, परिवेश, लय, छन्द र अलङ्कार विधान, उद्देश्य तथा भाषाशैलीका आधारमा यहाँ प्रवृत्तिगत विश्लेषण गरिन्छ-

### ३.३.१ शीर्षक र सर्गयोजना

हिमालयकी छोरी पार्वती र उनको शिवसँग सम्पन्न वैवाहिक सम्बन्धलाई लिएर यस काव्यको नाम शैलपुत्री राखिएको छ ।

पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई खण्डमा विभक्त यस काव्यको प्रत्येक खण्डमा १०८/१०८ गरी जम्मा २१६ श्लोक रहेको यस खण्डकाव्यमा सम्पूर्ण श्लोकहरू चतुष्पदी रहेका छन् । यस रचनामा विविध रस तथा शिखरिणी छन्दको प्रयोग गरिएको छ । काव्यको आन्तरिक संरचना भन्नाले आख्यानीकरणलाई बुझिन्छ । यस खण्डकाव्यको पूर्वार्द्धमा ६ वटा ऋतुमा शैलीपुत्रीको अवतरणको वर्णन गरिएको छ भने उत्तरार्द्धमा शिवको शाश्वत रूप तथा शैलपुत्रीको आदि स्थितिको वर्णन गरिएको छ ।

### ३.३.२ कथावस्तु

पौराणिक कथानकलाई आत्मसात गरी लेखिएको यस खण्डकाव्यको विषयवस्तुलाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी यसरी वर्णन गरिन्छ -

#### (क) पूर्वार्द्ध

हिमालको छायाँमा उज्जवल प्रकृतिको सृष्टि भयो । विलासी, वैरागी सबैको साझा हिमालय पर्वतबाट अनन्त नदी, ताल, छहरा र छाँगाको उत्पत्ति हुनाका साथै कविको काल्पनिकी स्रष्टा प्रेरक बन्न पुगेको छ । दया, माया, श्रद्धा, स्नेह, ममता जस्ता देवगुरूहरू

हिमालमा रहेका छन् । रामायणका राघव, पाण्डवहरू तथा अन्य धेरै आरोहीहरूको प्रेरणा स्रोतका रूपमा रहेको प्राकृतिक हिमालयमा अनेकौं भाँक मुडुली, कस्तुरी, चौरी आदिले पनि संरक्षण पाएका हुन्छन् । कैयौं जडीबुटी, खनिज आदिको भण्डार हिमाल कविको साहित्य सिर्जनाको प्रेरक तत्त्व बनेको छ ।

वसन्त ऋतुको आगमनसँगै बोट बिरुवामा नयाँ पालुवा पलाउँछ साथै कोइलीको मधुर बोलीले मानिसको मन आकृष्ट गर्दछ । त्यसैगरी ग्रीष्म ऋतु लागेपछि वातावरणमा अत्यधिक गर्मी छाउँछ, पसिनाले सारा शरीर भिज्दछ । सतत् मदिराको नशामा दिनहरू बित्छन् । यस्तो कठिन अवस्थामा हिमशैलले छाताको काम गरेको हुन्छ । युद्धको द्वन्द्वभैं विजुली चम्किन्छ, चट्याङ पर्छ अनि हुरी चल्छ । वर्षाको आगमनसँगै भ्यागुताहरूको आवाज सुन्न थालिन्छ, हिलोले सारा वातावरण क्षतविक्षत पार्दछ । यस्तो हिलोमैलो छिचोल्दै शरद ऋतुको आगमन भएपछि फूलहरू फुल्छन् क्रमशः जाडो सुरू हुन्छ । साथै न गर्मी न जाडोको वातावरण छाउँछ । तित्रा तथा प्वाँखे भुवादार बादलहरूको खलबलीका साथै सुन चाँदी जस्ता चहक भएको सन्ध्या देखा पर्छ । ब्राम्हणहरू पूर्णाहुतिका साथ तिलक चढाउँछन् । रजनी लुकामारी खेल्दै बियोगी बनी हिँडेकी हुन्छे । उषाको सुर चढ्न थाल्छ, नवरसमा चराहरूको आवाज सुनिन्छ । मधुर सूर्यको क्रान्ति फैलिन्छ । हेमन्त र शिशिर ऋतुको आगमन भएपछि ज्यादै जाडो हुन्छ । हिउँ पर्छ, तुषारो भर्छ अनि रूख बिरुवाहरू पनि कठाङ्ग्रिन्छन् । मानिसहरू जाडाले थुर्थुर काप्छन्, उपवन मसान भैं देखिन थाल्छ । यस्तै ऋतुचक्रको क्रमसँगै शैलपुत्रीले आफ्नो अस्तित्व कायम राखेकी हुन्छिन् ।

## (ख) उत्तरार्द्ध

राम सीतालाई, राधा कृष्णलाई खोजे भैं भीख मङ्गा शिव यसै शैल वरपर डुलेका हुन्छन् । त्रिशुल बोकेर दौडी दौडी शिव यसै हिमशैलमा विचरण गरेका हुन्छ । मानिसको जीवन पानीको कहानी जस्तो हुनाको साथै मानव जीवन अशान्तिको माभबाट हुर्किएको हुन्छ । माया, प्रेम र स्नेहले यो संसार चलेको छ । शिवको पर्खाइमा भौतारिएकी शैलपुत्रीको छायाँ हिमालको काखमा नाच्न थाल्छ । सारा विध्वंश, दुष्ट, अतिवृष्टिको अन्त्य गर्ने रक्षकको रूपमा शिवलाई लिइन्छ भने पहाडका कुनाकन्दरा आदिमा डुल्ने पनि शिव पार्वती नै हुन् । हिमशैललाई सारा संसार तथा प्रत्येक व्यक्तिको संरक्षकको रूपमा हेरिएको छ । हिमालको चिसो स्पर्शमा फूलहरू फुल्छन् अनि मुजुरहरू नाच्छन्, गाउँछन् र रमाउँछन् । शिवको आठओटा रूप बताउने क्रममा सप्तकोशी, सप्तगण्डकी र सप्तकर्णालीको वर्णन गरिएको छ

। पृथ्वीभर रहेका सम्पूर्ण चर अचरको बीजको रूपमा चन्द्ररूपी शिवको आगमन हुन्छ । लाखौं लाख अन्तरङ्ग माझ झत्किएर भुवनको भार थाम्न घाम झैं उज्ज्वल शिवको आगमनसँगै प्रकृतिमा उष्णता एवं आगो र पानीको समागम हुन्छ । सिर्जनाले भरिएको पृथ्वीमा शिव ब्रह्म जस्तै सृष्टिकर्ताको रूपमा देखा पर्छन् । गङ्गा गौरीको सुसाइमा जननी शैलपुत्री आफ्नो उद्गार व्यक्त गर्छिन् । कस्तुरीले आफ्नो गन्ध खोजी हिँडे झैं शिव शिव भन्दै हिमशैलमा शैलपुत्रीको पदार्पण हुन्छ ।

### ३.३.३ पात्रविधान

यस खण्डकाव्यमा पौराणिक विषयवस्तुलाई आधार बनाई कवि भरतराज पन्तले आफ्नो प्रकृति, ईश्वर र प्रेमको अनुभूतिलाई काव्यका रूपमा प्रस्तुत गरेका छन् । यसमा खण्डकाव्यकार स्वयम् आख्यायिकाको रूपमा प्रस्तुत भएका छन् भने शिवपार्वतीको कथा आख्यानको रूपमा प्रस्तुत भएको छ । यस काव्यमा कुनै उल्लेख्य पात्रहरू नभै केवल शिव पार्वती जस्ता नामहरूको मात्र उल्लेख गरिएको छ । पूर्वार्द्ध र उत्तरार्द्ध गरी विभाजित यस काव्यमा काव्यकारले पौराणिक विषयलाई एकालापको माध्यमाबाट प्रस्तुत गरेका छन् । हिमशैल, शिवपार्वती, सृष्टि र प्रकृति आदिको वर्णनमा केन्द्रित यो खण्डकाव्य प्रकृति चरित्रको मानवकृत नयाँ मानव चरित्रको प्रकृति रूप वर्णनको संयोजन पनि हो ।

### ३.३.४ परिवेश

यस रचनाको परिवेश खास गरेर हिमाल, पहाड, कुना, कन्दरासँग सम्बन्धित छ । काव्यकारले कथावस्तुअनुसारको परिवेशको सिर्जना गरेका छन् । मर्यादापुरुष देवत्व आदिको वर्णनको क्रममा विलासी र उच्च खानदानको चर्चा पनि यहाँ पाइन्छ । त्यसैगरी यस काव्यमा दया, माया, ममता तथा स्नेह जस्ता मानवीय भावनाको उल्लेख एकातिर गरिएको छ भने अर्कातिर ईर्ष्या, डाह, छलकपट जस्ता दानवीय भावनाको चर्चा पनि छ । कवि मन मानवीय भावनाको पक्षमा देखिन्छन् । राघव, देवासुर आदि धार्मिक पात्रहरूको पृष्ठभूमिसँग प्राचीन संस्कृति सुहाउँदो परिवेश यहाँ खडा गरिएको छ । महात्मको चित्रणले उदारता तथा शान्तिको परिवेश खडा गरेको छ । भने वर्षभिर आउने ६वटा ऋतुमा देखिने परिवर्तनले मानवीय व्यवहारको विविध पक्षलाई समेत व्यक्त गरेको पाइन्छ ।

प्रस्तुत काव्यमा एकातिर विवाह जस्ता सामाजिक सांस्कृतिक परिवेशको उल्लेख छ भने अर्कातिर सीता, राम, कृष्ण तथा राधाको चर्चाले पौराणिक पक्षलाई छोएको छ । काव्यकारले मानिसको जीवन पानीसँग तुलना गर्दै विभिन्न तीर्थस्थलहरूको चर्चा गरेका

छन् । यसरी नै कालीगण्डकी, कोशी, कर्णाली जस्ता नदीहरूको वर्णनसँग कविले सोहीअनुसारको तर्जुमा गरेका छन् । कविले भाइभाइको सम्बन्धको उल्लेख गर्दै यी सारा कुराहरूको आधारवस्तु हिमाल हो भन्ने कुराको चित्रण गरेका छन् ।

यसरी समष्टिमा हेर्दा शैलपुत्री खण्डकाव्यको परिवेश प्राकृतिक चित्रणमा तयार गरिएको छ । हिमशिखर, पहाडको चित्रण, त्यहाँ डुल्ने शिवपार्वतको वर्णन सहाउँदो परिवेशको चित्रण गरिएको यो खण्डकाव्य पौराणिक आधारमा सिर्जना गरिएको छ ।

### ३.३.५ लय, छन्द र अलङ्कार

सुन्दर संस्कृत तत्सम र झर्रा नेपाली शब्दहरूको प्रयोगले लयलाई साङ्गीतिक र श्रुतिरम्य बनाएको छ । अन्तयानुप्रासीय लयको प्रयोग भएको यस कृतिमा अर्न्तलयात्मकता, वृत्त्यानुप्रासीयताको छनक पनि पाइन्छ । शास्त्रीय लयलाई आत्मसात गरिएको यो रचना लयात्मक दृष्टिले सुन्दर देखिन्छ ।

अलङ्कार विधानको दृष्टिले जताततै रूपक अलङ्कारको प्रयोग गरिनुका साथै उपमा तथा उत्प्रेक्षा जस्ता अर्थालङ्कार एवं श्लेष जस्ता शब्दालङ्कारको पनि प्रयोग गरिएको छ । रूपक अलङ्कारको एउटा उदाहरण हेरौं -

निराशाको कालो जति घनघटा आउँछ वर
उज्यालो आशाको चहक पनि जाने उति पर

(पूर्वार्द्ध, श्लोक १२)

प्रस्तुत उदाहरणमा निराशालाई कालो र आशालाई उज्यालोको रूपमा हेरिएको छ । शिखरिणी र मन्दाक्रान्ता जस्ता वार्णिक छन्दको प्रयोग यस खण्डकाव्यमा गरिएको छ । यस काव्यको बारेमा डा.बासुदेव त्रिपाठीको टिप्पणी उद्धरणीय छ -

यो शैलपुत्री काव्य छन्दविधानको सफाइ, प्रकृति चित्रणको नवीन विच्छिति र सांस्कृतिक-आध्यात्मिक पुनस्दीपनमका साथै पद योजनको ललित सौष्ठव एवं अलङ्कार विधानको सहज चमत्कृतिका कारणले पनि नेपाली परष्कारवादी काव्यधाराको एक महत्त्वपूर्ण प्राप्ति विन्दु बन्न पुगेको छ ।

### ३.३.६ उद्देश्य

शैलपुत्री खण्डकाव्यको मूलउद्देश्य प्रकृतिको सुन्दर चित्रण हो । प्रकृतिको मन्मय चित्रण गर्ने क्रममा कविले कालिदासको ऋतुसंहार मा झैं ऋतुचक्रको वर्णन गरेका छन् । यहाँ राष्ट्रिय भावनाको चित्रण गरिनुका साथै आध्यात्मिक भाव पनि प्रकट भएको छ । शिव

पार्वतीलाई नायक नायिकाको रूपमा उभ्याई दसैं तिहार जस्तो हिन्दुहरूको महान् पर्वको उल्लेख गर्दै सांस्कृतिक मूल्य र मान्यताको संरक्षण र संवर्द्धन गर्ने सन्देश कविले दिएका छन् । जीवनसम्बन्धी मानवीय धारणको उल्लेख गर्दै सत् र असत् चरित्रको चित्रण गर्नु पनि यस काव्यको अर्को उद्देश्य रहेको छ । यसैगरी आध्यात्मिक धरातलमा रचना गरिएको यस रचनामा मानवताको उद्घोष गरिएको छ; जसको एउटा उदाहरण हेरौं -

रह्यो नाता मान्छेसित जब नमस्कारतकको
न बुझ्ने भो कोही जलन मनमा के छ कसको ?
बेढेको तृष्णाले हरबखत दुःखी छ दुनियाँ
सधैं दौडी दौडी कुन सकसले दिन्छ र नियाँ (पूर्वाद्ध, श्लोक १०)

वास्तवमै मानिसले शान्ति चाहन्छ भने उसमा तत्त्वज्ञान हुनु आवश्यक छ । शिव र पार्वतीको वैवाहिक सम्बन्ध स्थापना देखाउनु पनि यसको अर्को उद्देश्य रहेको छ । सम्पूर्ण संसारको तथा मानव सृष्टिको संरक्षक हिमालय पहाडबाट नदी, ताल आदिको उत्पत्ति भएको र साधु, सन्त तथा विभिन्न पशु प्राणीको रूपमा समेत रहेको हिमशैललाई केन्द्रीयतामा राखेर नेपाली प्रकृतिको चित्रण गर्नु पनि यसको उद्देश्य रहेको छ ।

### ३.३.७ भाषाशैली

पौराणिक कथानकमा आधारित यस खण्डकाव्यको भाषाशैली सरल र सुबोध छ । संस्कृत तत्सम शब्दहरू र झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको यस खण्डकाव्यमा छन्दको बन्धनले भावलाई कुण्ठित नतुल्याई स्वस्फूर्त रूपमा प्रस्तुत गरिएको छ । यस कृतिमा भाव पहाडी नदी झैं वेगमय बनेको छ । समुचित वर्ण विन्यास, विविध रस, अलङ्कार र छन्दको प्रयोगले सिङ्गारिएको यस कृतिमा अभिधा, लक्षणा तथा व्यञ्जना शक्तिहरूको साङ्केतिक अर्थ पनि प्रयुक्त भएका छन् । पात्रअनुसारको भाषाशैलीको प्रयोग भएको यस काव्यमा ठाउँठाउँमा उखानको पनि प्रयोग गरिएको छ । उपदेशात्मक तथा प्रश्नात्मक शैलीले रचनालाई अझ मजबुत बनाएको छ ।

### ३.३.८ निष्कर्ष

वि.सं.२०३८ सालमा प्रकाशित शैलपुत्री पौराणिक कथावस्तुमा आधारित खण्डकाव्य हो । पूर्वाद्ध र उत्तरार्द्धमा विभक्त यस खण्डकाव्यमा २१६ श्लोक रहेका छन् भने शिखरिणी छन्दको प्रयोग गरिएको छ । शिव-पार्वतीको शास्वत रूप तथा शैलपुत्रीको आदि स्थितिको वर्णन गरिएको यस खण्डकाव्यका प्रमुख पात्रहरू शिव-पार्वती हुन् । प्राकृतिक, धार्मिक,

सामाजिक तथा सांस्कृतिक परिवेशको सिर्जना यस कृतिमा गरिएको छ । संस्कृत तत्सम र झर्रा नेपाली शब्दहरूको प्रयोगले काव्यलाई सुरम्य बनाएको छ । शिखरिणी र मन्दाक्रान्ता जस्ता वार्णिक छन्दको प्रयोग भएको यस काव्यको प्रमुख उद्देश्य प्रकृति चित्रण हो । आध्यात्मिक, धार्मिक, सांस्कृतिक भाव व्यक्त गरिएको यस रचनामा मानवताको उद्घोष गरिएको छ । सरल, सरस र सुबोध भाषाशैलीको प्रयोगले काव्यलाई रोचक बनाएको छ भने छन्दले भावलाई वेगवान बनाएको छ ।

यसरी प्राकृतिक चित्रण, प्रणय भाव, पौराणिक वर्णन, कवि आख्यायिकाको रूपमा देखिनु, मानवीय भावनाको वर्णन गर्नु, विविध सरल तथा सुबोध भाषा शैलीको प्रयोग गर्नु जस्ता कुराहरू यस खण्डकाव्यमा भरतराज पन्तका काव्यगत प्रवृत्तिका रूपमा देखिएका छन् ।

## ३.४ चन्द्रहास खडकाव्यको विश्लेषण

चन्द्रहास वि.सं.२०३९ सालमा प्रकाशित कवि भरतराज पन्तको दोस्रो खण्डकाव्य हो । चन्द्रहास पौराणिक जैमिनीय भारतअन्तर्गत रोचक कथामा आधारित काव्य हो (श्रेष्ठ, २०३९:घ) । पण्डित चक्रपाणि चालिसेद्वारा नेपाली पद्यमा अनुवाद गरी २०१० सालमा छापिएको जैमिनीय भारत भन्ने ग्रन्थ कवि पन्तलाई २०२६ सालमा प्रकाशक, कमलनाथ शर्माबाट प्राप्त भएको थियो । औपन्यासिक रङ्गमा लेखिएको यस कथालाई कवि भरतराज पन्तले खण्डकाव्यात्मक रूप दिएका हुन् (पन्त, २०३९:२)। यस काव्यलाई शीर्षक र संरचना, कथावस्तु, चरित्र, छन्द, अलङ्कार र लयविधान, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा यहाँ प्रवृत्तिगत चर्चा गर्ने प्रयास गरिन्छ ।

### ३.४.१ शीर्षक र सर्गयोजना

प्रस्तुत काव्यको शीर्षक नायकको नामबाट राखिएको छ । चन्द्रहास केरल प्रान्तका राजाका छोरा थिए । शत्रुबाट राजाको हत्या भएपछि रानी सती जान्छिन् । राजकुमारलाई धाईआमाले कुन्तल देशमा लगेर पालनपोषण गरी हुर्काउँछिन् र पछि चन्द्रहास कुन्तलका राजा बन्छन् र केरल राज्यलाई पनि कुन्तल राज्यसँग मिलाउँछन् ।

प्रस्तुत पौराणिक काव्य अन्ठाउन्न पृष्ठमा संरचति छ । यस खण्डकाव्यलाई पाँच चमक (सर्ग) मा विभाजन गरिएको छ साथै पाँचौं चमकलाई स-साना ६ उपवर्गमा बाँडिएको छ । पहिलो चमकमा पच्चीस श्लोक, दोस्रो चमकका तीस श्लोक, तेस्रो चमकमा सत्तरी श्लोक, चौथो चमकमा उन्नचालिस श्लोक र पाँचौं चमकमा एकसय सतसठ्ठी

श्लोक गरी जम्मा दुईसय एकाचालीस श्लोक रहेका छन् । पाँचौं चमकको एकसय सत्सठ्ठी श्लोकलाई पनि ६ वटा साना-साना चमकमा विभाजन गरिएको छ, जसअन्तर्गत पहिलोमा तीस, दोस्रामो तेह्र, तेस्रोमा तीस, चौथोमा एक्काईस, पाँचौंमा चालीस र छैठौंमा सैंतीस श्लोक रहेका छन् । यस काव्यमा श्लोकहरू विभिन्न शास्त्रीय छन्दमा रचिएका छन् । पौराणिक कथावस्तुमा आधारित यस खण्डकाव्यमा श्लोकको हिसाबले पाँचौं चमक सबैभन्दा लामो र पहिलो चमक सबैभन्दा छोटो रहेको छ । खण्डकाव्यको आन्तरिक संरचनाले आख्यानीकरणलाई जनाउँछ । चन्द्रहासलाई मुख्य पात्र बनाई यसको आख्यान अगाडि बढेको छ । केरल देशको राजाको शत्रुद्वारा हत्या गरिएपछि राजकुमारलाई धाईआमाले कुन्तल देशमा लगी पालनपोषण गरी हुर्काउँछिन् । कुन्तल देशका राजा अपुतो भएकाले चन्द्रहासलाई उत्तराधिकारी घोषणा गरिन्छ । त्यस बालकलाई मार्न धृष्टबुद्धि (मन्त्री) ले अनेक षड्यन्त्र गर्दछ तर चन्द्रहासलाई मार्न पठाएको मानिसद्वारा स्वयम्को हत्या हुन्छ । चन्द्रहास राजा बन्छन् र कुशल शासन चलाउँछन् । यिनै घटनालाई खण्डकाव्यात्मक रूप दिई कविले यस काव्यको आन्तरिक संरचना तय गरेका छन् ।

## ३.४.२ कथावस्तु

पौराणिक जैमिनीय भारत कथामा आधारित यस खण्डकाव्यमा दक्षिण भारतको दुई राज्य केरल र कुन्तलका आर्थिक, सामाजिक, राजनीतिक तथा प्रशासनिक अवस्थाको चित्रण गरिएको छ । पुराणमा आधारित कथालाई कवितात्मक संरचना दिएर काव्यकारले रोचक र पठनीय बनाएका छन् । यस खण्डकाव्यको कथावस्तुलाई यसरी देखाउन सकिन्छ ।

### (क) पहिलो चमक

दक्षिण भारतमा केरल नाम गरेको एक आर्य राज्यमा जनताहरू सुखी हुनाका साथै राजा र प्रजा बिच सुमधुर सम्बन्ध थियो । तापनि केरल प्रान्तका राजा अपुतो थिए । धेरै समय बितेपछि उनको एक छोरा जन्मन्छ । राजाको शत्रुद्वारा हत्या भएपछि रानी सति जान्छिन् र बालकलाई धाईआमाले कुन्तल देशमा लगी लालनपालन गर्छिन् ।

### (ख) दोस्रो चमक

कुन्तल देशका राजा कुन्तलेश सज्जन राजा थिए तर उनको उत्तराधिकारी भने थिएन । उनका मन्त्री धृष्टबुद्धि भने ज्यादै क्रूर र धूर्त शासक थिए । राजा एक कुशल तथा योग्य उत्तराधिकारीको खोजमा थिए । कुन्तलेशको मृत्युपछि राजा बन्ने अभिलाषा बोकेको मन्त्रीमा यसले नराम्रो प्रभाव पार्छ । ऊ त्यस बालकलाई मार्ने अनेक षड्यन्त्र गर्छ ।

## (ग) तेस्रो चमक

त्यस बालकको हत्या गर्न मन्त्रीले सुनसान जङ्गलमा लैजान्छ । हत्या गर्न गएका मानिसहरूमा बालकलाई मार्ने कि नमार्ने बारेमा द्विविधा उत्पन्न हुन्छ । सारा वन स्तब्ध हुन्छ, चराचुरूङ्गीहरू हतास हुन्छन् । त्यस बालकको हत्या गरिँदैन, अध्ययन कार्यमा संलग्न गराइन्छ । नीति, तन्त्र, मन्त्र, विधिशास्त्रतर्फ उन्मुख गराइन्छ । बालकको उमेर जब सत्र वर्ष पुग्छ तब उसमा अन्याय अत्याचार जस्ता कुप्रथाको बोध हुन्छ । धृष्टबुद्धि त्यस घटनाले ज्यादै चिडिन्छन् र राजकुमार (बालक) को हत्या गर्न तल्लीन रहन्छन् ।

## (घ) चौथो चमक

यसरी मन्त्रीले षड्यन्त्र गरेर युद्धमा पठाउने कुरा थहा पाएपछि चन्द्रहास राजाकहाँ पुग्छन् । राजाबाट युद्धमा ध्वजा सन्देश मिल्छ । राजकुमार तानामाना, मुकुट, गहनाकासाथ घोडाचडी निस्कन्छन् जुन दृश्य हेर्न कैंयौ नरनारीको भीड लागेको थियो । कोसौं टाढा जङ्गलमा पुगेपछि रूखको फेदमा घोडा रोकी भूइँमा ओर्लन्छन् । मीठो हावा र वास्नादार कुसुमले वातावरण ज्यादै रमाइलो थियो । यसै बखत धृष्टबुद्धिले लेखेको पत्र छोरी विषयाको हातमा पर्छ । उक्त पत्रमा चन्द्रहासलाई घरमा लगी विष खुवाउन र सोको जानकारी तुरून्त मकहाँ पठाउनु भन्ने कुरा उल्लेख थियो । विषलाई विषया बनाई सो पत्र मदनकहाँ पुग्छ तर सच्याएको कुरा उनलाई थाहा हुँदैन तत्पश्चात् चन्द्रहास र विषयाको विवाह सम्पन्न हुन्छ ।

## (ङ) पाँचौं चमक

मदनद्वारा विषया र चन्द्रहासको विवाह सम्पन्न गराएकामा मन्त्री धृष्टबुद्धि चूर हुन्छन् । अन्त्यमा मन्त्रीले कुरा बुझे तापनि यसै समयमा मदन आफू मन्त्री बन्ने कुरा सोच्दछ । उता धार्मिक राजा कुन्तलेश्वरका दरबारमा गुरू पुरोहित जम्मा भएका अवसरमा राजापुत्री चम्पक मालिनीका लागि योग्य बर तथा राज्यका लागि सक्षम उत्तराधिकारीको आवश्यकता महसुस गरिन्छ र मदनलाई बोलाई चन्द्रहासलाई लिन पठाइन्छ । पुरानो शत्रु ज्वाइँ भएको खबरबाट आहात भएका धृष्टबृद्धि चन्द्रहासको हत्या गराउन कालीको मन्दिरमा मान्छे पठाउँछन् । मदन र चन्द्रहासको बाटोमा भेट हुन्छ र सबै कुराको आदानप्रदान भएपछि मदन चन्द्रहासलाई लिई दरबार फर्कन्छन् । यता चन्द्रहास र चम्पक मालिनीका बिच धुमधामसँग विहे हुन्छ उता राजकुमारलाई मार्न राखेका मानिसले स्वयम् धृष्टबुद्धिको हत्या गर्न पुग्छन् । चन्द्रहास राजा बन्छन्, चम्पक मालिनी रानी अनि मदन मन्त्री बन्छन् ।

केरल र कुन्तल एउटै राज्य बन्छ । यसरी पौराणिक कथालाई खण्डकाव्यी रूप दिन पनि पन्तको उल्लेख्य प्रवृत्तिका रूपमा देखा परेको छ ।

### ३.४.३ पात्रविधान

चन्द्रहास खण्डकाव्यमा केरलका राजा, उनका छोरा, चन्द्रहास, धृष्टबुद्धि कुन्तलेश र मदन पुरूष पात्रहरू रहको छन् भने विषया, धाईआमा र चम्पक मालिनी मेधा नारीपात्र हुन् । ठाउँ-ठाउँमा राजा तथा प्रजा अप्रत्यक्ष रूपमा देखिएका छन् । चक्पकमालिनी प्रमुख नारी पात्र हुन् भने चन्द्रहास प्रमुख पुरूष पात्र हुन् । पौराणिक कथावस्तुमा आधारित यस खण्डकाव्यमा अनुकूल पात्रहरू रहेका छन् । पहिलो चमकमा केरल प्रदेशका राजा र उनका छोरा चन्द्रहासको उल्लेख गरिएको छ भने दोस्रो चमकमा कुन्तलेश र धृष्टबुद्धिको उल्लेख गरिएको छ । त्यसैगरी क्रमशः मदन चम्पकमालिनी, विषया, आदिको चर्चा गरिएको छ । सबै पात्रहरूको वार्तालाप र क्रियाकलाप चन्द्रहासकै सेरोफेरोमा केन्द्रित छ । अनेक षड्यन्त्र गरेर चन्द्रहासको हत्या गर्न चाहे पनि पछि कुन्तल र केरलको अधिपति उनै बनेको रोचक कथाले चन्द्रहासको चरित्रलाई उजिल्याएको छ भने विषयाले विष शब्दलाई विषया बनाई चन्द्रहाससँग विवाह गर्न सफल भएकी छन् । यसैगरी कुन्तलेश राजाकी छोरी चम्पकमालिनीको विवाह चन्द्रहाससँगै गराउन महत्त्वपूर्ण भूमिका खेल्ने मदनको पनि खण्डकाव्यमा कम भूमिका छैन, जसले टुङ्गिसकेको राजकूललाई जीवन्तता प्रदान गरेको छ । यस खण्डकाव्यका सबै पात्रहरूले खण्डकाव्यको निर्माणमा उत्तिकै भूमिका खेलेका छन् । प्रत्येक पात्रले कथावस्तुको प्रवाहलाई अगाडि बढाएका छन् । सत् र असत् दुई किसिमका पात्रहरू भएको यस काव्यमा धृष्टबुद्धिले असत् र चन्द्रहासले सत् पात्रको प्रतिनिधित्व गरेका छन् । यहाँ सबै पात्रहरूले तत्कालीन समयको आर्थिक, सामाजिक, प्रशासनिक, राजनीतिक अवस्थाको चित्रण गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ३.४.४ परिवेश

चन्द्रहास खण्डकाव्यको परिवेश दक्षिण भारतको केरल प्रदेश तथा कुन्तल राज्यको आर्थिक, सामाजिक तथा राजनीतिक परिस्थितिसँग सम्बन्धित छ । खासगरी कुन्तल देशका राजा कुन्तलेश्वरको दरबार एवं पारिवारिक पृष्ठभूमिलाई यस खण्डकाव्यको परिवेश बनाइएको छ । राजा, राजकुमार, राजकुमारी जस्ता पात्र अनुकूल रहनसहनलाई देखाउन कविले यहाँ  प्रकृतिको उपयोग गरेका छन् । एकातिर दरबार र दरबारी वातावरणको चित्रण गरिएको छ भने अर्कोतिर चन्द्रहास आपत्मा परेको बेलामा सारा प्रकृति पनि स्तब्ध भएको

देखाइएको छ। मानिसको जीवनमा आइ पर्ने दुःख वेदनालाई प्रकृतिले शमन गर्ने भएकाले स्वछन्दतावादी कविले सामान्यीकरण वा मानवीकरण गर्दै आफ्ना भावना प्रष्फुटन गर्न प्रकृतिको सहायता लिएका हुन्छन् (प्रसाई, २०४८:पृ.७८-७९) । कवि पन्तले पात्र अनुकूलको कथ्य र पात्र अनुकूलको परिवेश तयार गरका छन् । खण्डकाव्यको परिवेशले तत्कालीन समयको विविध अवस्थाको बोध गराउँछ । धृष्टबुद्धिको प्रसङ्गबाट तत्कालीन समयको विविध अवस्थाको बोधगराउँछ । धृष्टबृद्धिको प्रसङ्गबाट तत्कालीन समाजमा रहेको असत् चरित्र अथवा क्रूर शासकको चित्रण गरिएको छ । आफ्नो निजी स्वार्थको लागि आफ्नै ज्वाइँ (चन्द्रहास) लाई समेत मार्न तम्सने धृष्टबुद्धि नेपालको राणा शासनको प्रतीकको रूपमा रहेको छ भने भाग्यवाद, गुरू पुरोहितको परम्परा पनि प्रचलित देखिन्छ । राजनीतिक परिवेशको चित्रण गर्दा कविले विश्वमा प्रचलित सत्ताको होडबाजी जस्ता नराम्रो संस्कारको चित्रण गर्दै सत् र असत् चरित्रको तुलनात्मक चित्रण गरेका छन् ।

समग्र केरल र कुन्तल प्रदेशको आर्थिक, सामाजिक, प्रशासनिक तथा राजनीतिक विषयलाई सुहाउँदो परिवेशको चित्रण यस खण्डकाव्यमा गरिएको छ ।

### ३.४.५ लय, छन्द अलङ्कार

खण्डकाव्यमा भावनाको आख्यानीकरण गरिने हुनाले लय तथा अलङ्कार विधानको पनि विशेष भूमिका हुन्छ । सुन्दर शब्दचयन र अन्त्यानुप्रासीय लय विधानले काव्यलाई रोचक बनाएको छ । अन्त्यानुप्रासीयताको उदाहरणको रूपमा निम्नशार्दूलविक्रीडित छन्दको कविताांशलाई लिन सकिन्छ -

त्यो प्यारो स्मृति बाल्यकालतिरको बिर्सेर बिर्सिन्न रे
हुन्छन् कल्पित कल्पना सयथरी सम्झेर सम्झिन्न रे
छायाँ भै दिलमा बस्यो जनु कुरा मेटेर मेटिन्न रे
हाम्रो संस्कृति हो पुराण अरूले रेटेर रेटिन्न रे

(पहिलो चमक, पृ.२)

माथिको उदाहरणमा सबै हरफको अन्त्यमा रे अन्त्यानुप्रास आएको छ । यसको अतिरिक्त यस खण्डकाव्यमा वृत्त्यानुप्रासीय लय पनि रहेको छ -

गर्न सक्छ जो कठोर पापमाथि धृष्टता
धृष्ट बुद्धि दुष्ट-बुद्धि दुष्टकै छ दुष्टता

(दोस्रो चमक, पृ.११)

प्रस्तुत उद्धरणको दोस्रो लहरमा ट र द जस्ता वर्णहरू पटक-पटक दोहोरिएकाले यहाँ वृत्त्यानुप्रास रहेको छ ।

चन्द्रहास खण्डकाव्यमा हरिणी, रथोद्धता, शार्दूलविक्रीडित ,विश्वदेवी, वियोगिनी, शिखरिणी, मन्दाक्रान्ता, मालिनी, अनुष्टुप, उपजाति र तूषक गरी ११ छन्दको प्रयोग गरिएका छ् । शिखरिणी छन्दका सौखिन कविले यस खण्डकाव्यमा अनुष्टुप छन्दको अधिक प्रयोग गरेका छन् । परम्परित छन्द विधानलाई आत्मसात् गरिएको यस काव्यमा वीर रस अङ्गी रसको रूपमा रहेको छ । पौराणिक कथानकमा आधारित यस खण्डकाव्यमा विभिन्न धार्मिक, सामाजिक, राजनीतिक, सांस्कृतिक क्षेत्रका विविध विम्ब-प्रतीकहरू प्रयोग गरिएका छन् । ती विम्ब र प्रतीकहरू सहज र स्वाभाविक रहेका छन् ।

यस खण्डकाव्यमा वृत्त्यानुप्रास, श्लेष, उपमा जस्ता शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ । खण्डकाव्यमा कथानकलाई अगाडि बढाउने साधनको रूपमा अलङ्कारलाई लिइएको छ । अलङ्कार विधानका दृष्टिले उल्लेख्य एक कवितांश हेरौं -

चकमन्न थियो बाटो खेल्दथे मन-मा कुरा
ऐले धुलो भयो होला त्यो मेरो मुटुको छुरा(पाँचौं चमक, पृ.४९)

माथिको उदाहरणमा शान्त बाटोमा मनका कुराहरू खेलेको कुरा एउटा अर्थ छ भने चकमन्न अथवा शान्त बाटोमा माकुराहरू खेल्दथे भन्ने अर्को अर्थ छ । यसका अतिरिक्त खण्डकाव्यमा रूपक, उत्प्रेक्षा, दृष्टान्त आदि अलङ्कारहरू पनि रहेका छन् । यसरी विविध अलङ्कारहरूको प्रयोगले खण्डकाव्यलाई श्रुतिरम्य र ध्वनिप्रधानतातिर डोऱ्याएको छ । समुचित शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले काव्य रोचक तथा भावार्भित बनेको छ ।

## ३.४.६ उद्देश्य

पौराणिक आख्यान रहेको यस खण्डकाव्यको मूल उद्देश्य सत् र असत् प्रवृत्तिको चित्रण गर्नु रहेको छ । यस काव्यमा सत् चरित्रको प्रतिनिधित्व कुन्तलेश र चन्द्रहासले गरेका छन् भने असत् चरित्रको नेतृत्व मन्त्री धृष्टबुद्धिले गरेको छ । संभवतः यस काव्यमा सत् व्यवहारको विजय देखाइएको छ । आफ्ना प्रजाको सधैं भलो चाहने तथा राज्यको सुधार चाहने कुन्तलेश र राज्य विस्तारका साथ कुशल प्रशासनिक बनेका चन्द्रहासको उत्थान र जनतालाई सधैं शोषण र दमन गरी आफ्नो मात्र ढुकुटी भर्ने अनि अनेक हत्याका षड्यन्त्र

रच्ने अत्याचारी धृष्टबृद्धिको पतन भएको छ । सत् र असत् पात्रको बिच द्वन्द्व देखाइएको छ । यसैगरी आफ्नो निहित स्वार्थको लागि कोही पनि पछि नहट्ने कुराको स्पष्ट उदाहरण प्रस्तुत गर्नु पनि यस काव्यको उद्देश्य रहेको छ । मदनको मन्त्री बन्ने इच्छा, विषयको चन्द्रहाससँग विहे गर्ने रहर आदिले सो कुराको स्पष्ट गर्दछ । तत्कालीन समाजमा देखिएको विकृति र विसङ्गति, आर्थिक, राजनीतिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा देखिएका तीता-मीठा अनुभवहरूको चित्र पाठकसामु पुऱ्याउनु चन्द्रहास खण्डकाव्यको उद्देश्य रहेको छ ।

## ३.४.७ भाषाशैली

यस खण्डकाव्यको भाषा सरल र सुबोध रहेको छ । रोचक पौराणिक कथामा आधारित यस काव्यमा कविले विविध तत्सम, तद्भव तथा नेपाली शब्दहरूको प्रयोग गरेका छन् । अनुप्रासीय सौन्दर्य र पात्र अनुकूलको भाषा-शैलीले काव्यलाई रोचक बनाइएको छ भने विविध भावहरूलाई विविध अलङ्कारले सजाएर र अभिधात्मक तथा व्यञ्जनात्मक अर्थमा अनुभूतिलाई प्रवाहित गरिएको छ । प्रश्नात्मक भाषाको साथै संस्कृतनिष्ठ शब्दको प्रयोग र शैलीले काव्यलाई अझ मीठो बनाएको छ ।

सरल, सहज र मीठो शैलीमा व्यक्त गरिएका भावले काव्यलाई ओजपूर्ण बनाएको छ भने उखानको प्रयोगले भाषालाई अझ रोचक तुल्याएको छ ।

विविध छन्द र रसको छटनीले सिँगारिएको यस काव्यमा पाठकलाई भाव पहिल्याउन त्यति गाह्रो पर्दैन । वर्णविन्यासको समुचित प्रयोगले खण्डकाव्यलाई आकर्षक बनाएको छ । बोलचाल तथा व्यवहारिक प्रयोगका भाषा एकातिर प्रयोग गरिएको छ भने अर्कातिर दरबारिया भाषाको प्रयोग पनि छिटफुट रूपमा पाइन्छ ।

यसरी समग्रमा हेर्दा यस खण्डकाव्यको भाषासरल भएकाले कथानकलाई आस्वाद्य बनाएको छ । सरल, सरस र सुबोध भाषाशैलीको प्रयोगले काव्यात्मक भावको अनुभूति पाठकसम्म पनि सजिलै प्रवाहित भएको छ ।

## ३.४.८ निष्कर्ष

भरतराज पन्तद्वारा रचित चन्द्रहास खण्डकाव्य पौराणिक कथामा आधारित खण्डकाव्यात्मक कृति हो । पाँच चमक र अन्ठाउन्न पृष्ठमा संरचित यस कृतिमा एघारथरी शास्त्रीय छन्द र विविध रसहरूको प्रयोग गरिएको छ । केरल र कुन्तल राज्यको सामाजिक, आर्थिक, राजनीतिक तथा प्रशासनिक अवस्थाको चित्रण नै यस खण्डकाव्यको प्रतिपाद्य

विषय रहेको छ । सत् र असत् चरित्रको वर्णन गरिएको यस काव्यमा पुरूष र स्त्री गरी जम्मा ८ पात्र रहेका छन् । चन्द्रहासले प्रतिनिधित्व गरेको सत् पक्ष र धृष्टबुद्धिले प्रतिनिधित्व गरेको असत् पक्ष बिच द्वन्द्व नभएर केवल असत् चरित्र धृष्टबुद्धिमा मात्र द्वन्द्व देखाइएको छ ।

राजनीतिक, सामाजिक, आर्थिक तथा प्रशासनिक अवस्थालाई सुहाउँदो परिवेशको चित्रण गर्नुका साथै दरबारिया चित्रण पनि यस काव्यमा गरिएको छ । यस खण्डकाव्यको मूल उद्देश्य सत् र असत् चरित्रको द्वन्द्व देखाई असत् चरित्रको पराजय गराउनु हो । तत्सम, तद्भव, आगन्तुक तथा नेपाली शब्दहरूको प्रयोग गर्दै प्रश्नात्मक, अभिधात्मक तथा व्यञ्जनात्मक भाषाशैलीको कारण चन्द्रहास खण्डकाव्य भरतराज पन्तको एक सफल रचना हो भन्नुमा अत्युक्ति नहोला ।

यसप्रकार पौराणिक कथालाई खण्डकाव्यीय रूप दिनु, सत् र असत् पात्र बिच द्वन्द्व देखाउनु, राजनीतिक, सामाजिक, आर्थिक चित्रण प्रस्तुत गर्नु, शीर्षक र भाव बिच तादात्म्यता देखाउनु, तत्सम, तद्भव, आगन्तुक शब्दहरूको कुशल संयोजन गरी भाषाशैलीलाई सरल र सुबोध बनाउनु पन्तको खण्डकाव्यगत प्रकृति रहेको छ ।

## ३.५ भित्रबाहिर खण्डकाव्यको विश्लेषण

वि.सं.२०५० सालमा प्रकाशित भित्रबाहिर एक वैचारिक खण्डकाव्य हो । भित्र र बाहिर गरी दुई भागमा विभाजित उक्त काव्यको भित्र भागमा पूर्वीय काव्य सिद्धान्तसम्बन्धी धारणा प्रकट गरिएको छ भने पछिल्लो अथवा बाहिर खण्डमा विभिन्न समसामयिक घटनाहरूको वर्णन गरिएको छ । यस काव्यलाई शीर्षक र संरचना, विषयवस्तु, पात्रविधान, परिवेश, लय, छन्द र अलङ्कार विधान, उद्देश्य तथा भाषाशैलीको आधारमा प्रवृत्तिगत विश्लेषण गर्नु वाञ्छनीय देखिन्छ ।

### ३.५.१ शीर्षक र सर्गयोजना

यस काव्यको दुई भाग भित्र र बाहिरलाई आधार बनाएर कृतिको नाम भित्रबाहिर राखिएको छ ।

प्रस्तुत खण्डकाव्यलाई भित्र र बाहिर गरी दुई खण्डमा विभाजित गरिएको छ । भित्र खण्डमा १०४ र बाहिर खण्डमा १०४ गरी जम्मा २०८ श्लोकमा संरचना गरिएको यस काव्यमा चवालिस पृष्ठ रहेका छन् । विविध रस तथा हरिणी छन्दको प्रयोग गरिएको यस काव्यमा सबै श्लोकहरू चतुष्पदी रहेका छन् । आन्तरिक संरचना भन्नाले आख्यानीकरणलाई

जनाउँछ । यस काव्यको भित्र भागमा पूर्वीय काव्य सिद्धान्तको वर्णन तथा शास्त्रीय धाराको व्याख्या गरिएको छ भने बाहिर खण्डमा आन्तरिक राजनीतिक, सामाजिक तथा आर्थिक विसङ्गतिको भण्डाफोर गरिएको छ ।

## ३.५.२ कथावस्तु

साहित्यको विभिन्न विधा मध्ये एक महत्त्वपूर्ण हाँगा कविता हेर्दा सरल देखिए तापनि यसको रचना निकै जटिल छ । शास्त्रीय छन्दलाई आत्मसात गरेर कविता लेख्ने कविहरू थोरै भएपनि उत्कृष्ट एवं प्रशंसनीय रहेका छन् । त्यसमा करुण रसले हृदय पगाल्न सक्छ, जुन रसलाई वाल्मीकि तथा भवभूतिले पनि अपनाएका थिए । प्रकृति कविको वर्णनको अपेक्षामा रहेको हुन्छ । आफ्नो कलमको माध्यमबाट कवि सम्मानित हुनाका साथै ऊ कवितामा कहिले बालक भएर रून्छ, कहिले हाँस्छ र कहिले थाङ्गनामा लडीबुडी खेल्न सक्छ । अभ्यासले कविमा अभिधा, लक्षणा, व्यञ्जना ध्वनि, चमत्कारपूर्ण रसविधान, अनुप्रास तथा अलङ्कारको प्रयोगमापरिपक्वता ल्याउँछ । पुरातन तथा नवीन बिम्ब र प्रतीक प्रयोग काव्यीय उपकरणको प्रयोगले पाठकमा सरसता ल्याउँछ । बालक हुँदादेखि लिएर युवक युवतीले प्रेम गर्दासम्म पनि छन्दको प्रयोग हुन्छ । सानो झुपडी होस वा भव्य प्रासाद त्यहाँ पनि छन्दको प्रचुर उपयोग पाइन्छ । यसरी छन्दको व्यापकता रहेपनि आजभोलि छन्दलाई हेला गरिन्छ भन्ने कुराको धारणा काव्यकारले यस खण्डकाव्यको भित्र खण्डमा राखेका छन् ।

दोस्रो बाहिर खण्डमा देशमा प्रजातन्त्रको आगमन पश्चात् पनि परिवर्तनको सङ्केत नदेखिँदा कवि चिन्तित देखिन्छन् । स्वतन्त्रताको नाममा परतन्त्रको हैकम चलेको छ । कैयौं नारीहरूको सिन्दुर पुछियो कति शहीद बने, करोडौंको सम्पत्ति हरिए तापनि आपसी अविश्वास र असहयोगको कारण अन्योलको वातावरण कायम थियो । शाह शासनमा पाण्डे र थापाको दरबारप्रतिको नजिक्याइले सर्वसाधारणको विचल्ली भयो, सज्जनहरू भासिए, दुर्जनहरू सज्जन ठहरिए । परिणामस्वरूप २००७ सालमा प्रजातन्त्र आए तापनि दीर्घजीवी हुन सकेन ।

युग पल्टियो, पञ्चायती व्यवस्थाको आगमन भयो, मानिसहरू प्रपञ्चमा फसे, घुसपैठले प्रश्रय पायो, दरबारीया कुकुरहरूको सङ्ख्या बढ्यो, भोगविलास एवं निरङ्कुशलताको सीमा रहेन । पञ्चायतको अन्त्य भएर पुनः प्रजातन्त्रको आगमन भए तापनि प्रगतिको हकमा केवल नारा जुलुस, भाषण र गफ पाएको गुनासो कविको रहेको छ ।

### ३.५.३ पात्रविधान

यस खण्डकाव्यमा कविले आफ्ना अनुभूतिहरू व्यक्त गरेका छन् । काव्यकार स्वयं आख्यायिता र आख्यात चाहिँ उनको भावनाको शृङ्खला रहेको छ । दुई खण्डमा विषय वर्णन गरिएको यस काव्यको भित्र (पूर्वार्द्ध) भागमा पूर्वीय साहित्य सिद्धान्तमा विविध शाखा प्रशाखाको वर्णन छ भने बाहिर (उत्तरार्द्ध) खण्डमा समसामयिक परिवेशको वर्णनको क्रममा कवि स्वयं प्रमुख चरित्रको रूपमा रहेका छन् ।

### ३.५.४ परिवेश

यस खण्डकाव्यको परिवेश पूर्वीय साहित्य सिद्धान्तको विकास र विस्तारको वर्णन एवं समसामयिक राजनीतिक, सामाजिक तथा आर्थिक अवस्थाको चित्रण हो । काव्यकारले एकातिर भौतिकवाद र अध्यात्मवादको चर्चा गरेका छन् भने अर्कातिर शास्त्रीय चिन्तन एवं संस्कृत साहित्य परम्पराको देनको विषयमा वर्णन गरेका छन् । विषयअनुसारको परिवेशको निर्माण गरिएको यस खण्डकाव्यामा कविले छन्द, अलङ्कार तथा रसको चित्रणको क्रममा प्रकृतिको सहायता लिएका छन् । कविले युद्धको मैदानको वातावरणलाई पनि यहाँ देखाएका छन् । वर्षा, असिना, घाम, जून आदिको चित्रणले खण्डकाव्यका परिवेश आकर्षक बनेको छ भने केटाकेटीदेखि बुढापाकासम्मको चित्रणमा कविले सुहाउँदो परिवेशको उपस्थिति गरेका छन् । त्यसैगरी झुपडी र प्रासादको वातावरण पनि कविले देखाएका छन् ।

निरङ्कुश पञ्चायती व्यवस्था तथा पुनः प्रजातन्त्रको स्थापना आदिको चित्रणको क्रममा काव्यकारले उचित परिवेशको चित्रण गरेका छन् । शहीदको चित्रणका क्रममा वीभत्स वातावरण उभ्याइएको छ भने सुनौली सन्धिको पनि चित्रण गरिएको छ । राजा, प्रज्ञा, शासक तथा शासित आदिको वर्णनको क्रममा काव्यकारले कथावस्तु सुहाउँदो पर्यावरण खडा गरेका छन् । आधुनिक समयमा देखा परेका कुरीति, कुसंस्कार तथा शोषणको चित्रणमा पनि कविले चातुर्यता देखाएका छन् । यसरी भौगोलिक, आर्थिक, सामाजिक, घटनाहरूलाई सुहाउँदो परिवेशको चित्रण गरिएको छ । प्रकृति र मानव बीचको तादात्म्य पनि यस काव्यको अर्को पक्ष हो ।

### ३.५.५ लय, छन्द र अलङ्कार

लयले गद्य र पद्यलाई छुट्याउनुका साथै रोचक बनाउँछ । भित्रबाहिर खण्डकाव्यमा अर्न्तलयात्मकताको प्रयोग गरिएको पाइन्छ । हरिणी छन्दमा लेखिएको निम्नलिखित उदाहरणबाट सो देखाउन सकिन्छ -

प्रथम कवि हो स्रष्टा संसार गर्दछ सृष्टि रे
प्रथम कवि हो द्रष्टा सर्वत्र छर्दछ दृष्टि रे ।

(भित्र, पृ.२)

माथिको उद्धरणमा अ, ह, ओ.ऐ जस्ता वर्णहरू उहीँ ठाउँमा दोहोरिएकाले अर्न्तलयात्मकता पाइन्छ । यसका अतिरिक्त छेकानुप्रासीय लय पनि काव्यमा रहेको छ ।

हरिणी छन्दमा लेखिएको यस खण्डकाव्यमा विविध शब्दालङ्कार एवं अर्थालङ्कारको प्रयोग गरिएको छ । एउटा उदाहरण हेरौं -

विरह रह भै जम्ने विभ्रान्त चित्त भए पनि
विपद पदमा लाखौं धक्का दिएर रहे पनि

(बाहिर, पृ.४३)

माथिको उदाहरणमा विरह रह तथा विपद-पद जस्ता शब्दहरूको प्रयोग भएकाले यसमा यमक अलङ्कार छ । यसका अलावा उपमा, रूपक, उत्प्रेक्षा इत्यादि अलङ्कारको प्रयोग गरिएका छन् । साथमा यस काव्यमा विभिन्न प्रतीक तथा विम्बहरूको प्रयोग गरिएका छन् ।

## ३.५.६ उद्देश्य

भित्रबाहिर खण्डकाव्यको मुख्य उद्देश्य पूर्वीय काव्य सिद्धान्तको सबै वादहरूको समावेश गरी वर्णन गर्नु तथा समसामयिक विषयमा आफ्नो सहानुभूति रङ्गाएर काव्यशास्त्रीय ढङ्गले समाविष्ट गर्नु हो । छन्द अलङ्कार एवं रसले साहित्य सिर्जनामा खेलेको भूमिकाका साथै शास्त्रीय धाराप्रति कविहरूको घट्दो दृष्टिकोणको उल्लेख गर्नु यसको अर्को उद्देश्य देखिन आउँछ । रसहरूमा करुण रस महत्त्वपूर्ण रहेको कुरा उल्लेख गर्दै कविले यहाँ भौतिकवादको रवाफ बढेकामा कवि चिन्तित देखिन्छन् । यसका साथै वर्तमान समयमा देखा परेको विसङ्गति एवं कुशासनको विरोध गर्नु यस काव्यको अर्को उद्देश्य देखापर्छ । प्रकृतिको वर्णन पनि यहाँ पाइन्छ ।

राजनीतिक क्षेत्रमा देखिएको होडबाजी तथा त्यसबाट उत्पन्न समस्याको भण्डाफोर कविले गरेका छन् । अनेक दुःखकष्टको बाबजुद प्राप्त प्रजातन्त्र पश्चात् पनि सर्वसाधारणले केही प्राप्त गर्न नसकेको प्रति कवितको रोष छ । यसरी राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा देखा परेका विसङ्गतिको विरोध गर्नु खण्डकाव्यकारले मूल उद्देश्य रहेको देखिन्छ ।

## ३.५.७ भाषाशैली

प्रस्तुत वैचारिक खण्डकाव्यको भाषाशैली सरल तथा सुबोध छ । पाठकलाई खण्डकाव्यको भाव बुझ्न कसरत गरिरहनु पर्दैन । छन्दको बन्धनले कतैकाहीँ भावलाई कुण्ठित तुल्याए जस्तो देखिए पनि समग्र रूपमा भावको प्रभाव नदी झैं बगेको छ। विभिन्न तत्सम, तत्भव र नेपाली शब्दको समुचित प्रयोगका साथै विविध रस, अलङ्कार तथा हरिणी छन्दको छटनीले काव्यलाई ओजपूर्ण बनाएको छ । अभिधा, लक्षणा र व्यञ्जनात्मक रूपमा भावानुभूति भएको यस काव्यमा प्रश्नात्मक भाषाको प्रयोग गरिएको छ । संस्कृतनिष्ठ शैलीको अलावा उखानको प्रयोग पनि यहाँ पाइन्छ । सर्वसाधारण जनतादेखि उच्च खान्दानी परिवार लगायत दरबारी वर्णनको क्रममा कविले स्तरअनुसारको भाषाशैलीको प्रयोग गरेका छन् ।

यसरी समग्र रूपमा हेर्दा भित्रबाहिर खण्डकाव्यको भाषाशैली सरल एवं सुबोध रहेको छ । कथानक, पात्र तथा परिवेश सुहाउँदो भाषाशैलीले काव्यलाई रसिलो बनाएको छ । जसले गर्दा पाठकलाई काव्यको केन्द्रीय भाव पहिल्याउन त्यति अप्ठ्यारो पर्दैन ।

## ३.५.८ निष्कर्ष

वि.सं.२०५० सालमा प्रकाशित प्रस्तुत वैचारिक खण्डकाव्य भित्र र बाहिर गरी दुई भागमा विभाजित छ । पूर्वीय काव्य सिद्धान्तका विविध विधाको वर्णनलेश्रुतिमाधुर्य प्रदान गरेको छ । सूक्ष्म विषयलाई टिपेर परिष्कृत काव्यात्मक शैलीमा प्रकट गर्न सक्नु उनको कवितागत वैशिष्ट्य हो । भावलाई सुबोध बनाउन कवितात्मक संरचनालाई सुगठित बनाउनु कवि पन्तको काव्यको पहिचान हो । यसरी उनले विषयलाई खजमज्याइ प्रस्तुत गर्नु भन्दा सङ्गठित पारी  भावभिव्यञ्जनाले, रङ्ग्याएर कविता लेख्नुलाई आफ्नो वैशिष्ट्य मानेकाले परिष्कारवादी शैली शिल्पलाई उनको शैली शिल्पगत प्रवृत्ति मान्न सकिन्छ ।

यस खण्डकाव्यमा भित्र खण्डमा कवि पूर्वीय काव्यसम्बन्धी धारणा प्रकट गर्छन् भने बाहिर खण्डमा यिनले प्रजातन्त्रोतर समसामयिक राजनीतिक, सामाजिक, विकृति र विसङ्गतिप्रति आफ्ना निजी धारणा प्रकट गरेका छन् । खण्डकाव्य लेखनबाट परिष्कार प्राप्त गरेका कविले यस खण्डकाव्यमा आफ्ना खारिएका गम्भीर र तथ्यपूर्ण विचारलाई खण्डकाव्यको संरचनाभित्र समेटेर विचार विषयक बालकृष्ण समको आगो र पानी खण्डकाव्यको चिन्तनमूलक काव्य प्रवृत्तिलाई समेत अंशत प्रयोगमा ल्याएको प्रतीत हुन्छ । यहाँसम्म आईपुग्दा कवि पन्तले विषय बहुलतालाई समेत काव्यात्मक प्रवृत्तिकै रूपमा

अनुकरण गरेका छन् । यसखण्डकाव्य समीक्षाबाट कविले विचारलाई समेत काव्य प्रवृत्तिका रूपमा अँगालेको पुष्टि हुन्छ ।

राजनीतिक, सामाजिक, आर्थिक चित्रण प्रस्तुत गर्नु, शीर्षक र भाव बिच तादात्म्यता देखाउनु, तत्सम, तद्भव, आगन्तुक शब्दहरूको कुशल संयोजन गरी भाषाशैलीलाई सरल र सुबोध बनाउनु पन्तको खण्डकाव्यगत प्रकृति रहेको छ ।

# अध्याय : चार

# भरतराज पन्तका खण्डकाव्यगत प्रवृत्तिहरू

## ४ १ विषय प्रवेश

प्रस्तुत शोधको यस अध्यायमा खण्डकाव्यकार भरतराज पन्तका खण्डकाव्यहरू दिनेश, शैलपुत्री, भित्रबाहिर, चन्द्राहासको विश्लेषण पछि प्राप्त उनका काव्यात्मक प्रवृतिहरू बारे संक्षिप्त चर्चा गरिएको छ ।

## ४.२ भरतराज पन्तका खण्डकाव्यगत प्रवृत्तिहरू

फुटकर कवितहरूमा भरतराज पन्तको कलम जति सबल रूपमा दौडेको छ कविताको मझौला रूप खण्डकाव्यको लेखनमा उनको कलम त्यत्तिकै सबल छ । २०२८ सालमा दिनेश खण्डकाव्य लेखेर खण्डकाव्य लेखनमा औपचारिक रूपमा प्रवेश गरेका पन्तका हालसम्म दिनेश लगायत चन्द्रहास, शैलपुत्री र भित्रबाहिर गरी चारवटा खण्डकाव्य प्रकाशित भइसकेका छन् । आफ्नो जेठा छोराको असमायिक निधनबाट खण्डकाव्य लेख्न सुरू गरेका पन्तको खण्डकाव्यको मुख्य विषय चाहिँ शोक, प्रकृति, पुराकथा र विचारपक्ष रहका छन् । उनका खण्डकाव्यमा केही विषयगत तथा शैलीगत प्रवृत्तिहरू देखा पर्छन्, जसलाई निम्नानुसार देखाउन सकिन्छ ।

### ४.२.१ शोक वर्णन

श्री ५ त्रिभुवनको स्वर्गारोहणबाट शोक विह्वल भई २०१२ सालमै शोक पुस्तिका लेख्ने पन्तलाई २०२८ सालमा पुत्रशोक पर्छ । आफ्नो बढेको छोराले पारिवारिक, आर्थिक कारणबाट विषसेवन गरी मृत्युलाई वरण गर्न पुगेपछि वृद्ध बाबुमा पर्ने वेदनाको यथार्थ प्रस्तुतिका रूपमा उनको दिनेश खण्डकाव्य देखा परेको छ । नेपाली साहित्यमा माधवप्रसाद घिमिरेले सुरू गरेको शोककाव्य लेखन प्रवृत्तिको अनुशरण गर्दै आफ्नो पुत्रको अवसानलाई खण्डकाव्यात्मक कार्यमा उतार्ने पन्तको यस खण्डकाव्यको मुख्य विषय शोक भए तापनि यसभित्र पुत्रशोकका अतिरिक्त समसामयिक यथास्थितिको पनि प्रस्तुति छ । पृथ्वी छन्दका सुकोमल श्लोकहरूमा कारुणिक वेदनालाई कविले यस खण्डकाव्यमा अझ हृदय विदारक बनाएर प्रस्तुत गरेका छन् । उनको शोक प्रस्तुतिको शैलीले पाठकहरूको मनलाई गम्भीर प्रभाव पार्छ । यस खण्डकाव्यको मुख्य विषय शोकलाई हृदयविदारक, मार्मिक र प्रभावपूर्ण शैलीमा प्रस्तत गर्नु वा शोकको संवेद्य वर्णन गर्नु यस खण्डकाव्यको विषयगत प्रवृत्ति हो ।

### ४.२.२ प्रकृति वर्णन

फुटकर कवितामा प्रकृतिलाई आफ्नो मुख्य विषयको रूपमा चुन्ने पन्तले कविताको मझौला रूपमा त शैलपुत्री नामको प्रकृति काव्य नै तयार पारेका छन् । हिमालपुत्री पार्वतीको केन्दीयतामा कथावस्तु गुम्फित पारिएको शैलपुत्री खण्डकाव्यमा पार्वतीको शिव प्राप्तिको कठोर तपस्याको वर्णन रहेको छ । यस खण्डकाव्यलाई विहंगम दृष्टिले हेर्दा यो प्रकृति काव्य हो भने समीक्षात्मक दृष्टिकोणमा यो शिवपार्वती पौराणिक कथाको समष्टि हो । यसमा प्रकृतिका, हिमालय, नदी, भीर, पाखा, कुना, कन्दरा, पहरा, छहरा जस्ता विविध पक्षको तन्मय वर्णन गरिएको छ । उनले प्रकृतिको मन्मय वा भावुक वर्णन गरेका छैनन् । तर प्राकृतिक वर्णनलाई शैलीले सिंगारपटार गरेका छन् । यसमा लेखनाथ पौड्यालको ऋतृविचार खण्डकाव्यको जस्तो प्रकृतिको उच्च काव्यात्मक वर्णन पाइन्छ । ऋतुविचारमा ऋतुपरिवर्तन र प्राकृतिक चक्रको वणर्न भए जस्तै शैलपुत्रीमा पनि ऋतुपरिवर्तन, ऋतुहरूको महिमा, पार्वतीको ऋतुजन्य स्वभाव र शिव प्राप्तिका लागि पार्वतीको प्रणयभावलाई प्रकृतिको माध्यमले वर्णन गरिएको छ । अनि पार्वतीलाई उपमाको रूपमा, आरोपको रूपमा समेत लिइएको छ । आलङ्कारिक काव्यात्मक अभिव्यक्ति, छन्द र रसको उचित संयोजन र कथ्य र भावको अभिधात्मक सङ्गतिको समिश्रण शैलपुत्री खण्डकाव्य पन्तका प्रकृति विषयक कृतिहरूमा सबभन्दा महत्त्वपूर्ण कृति पनि हो । यसमा वर्णित प्रकृति सजीव छ र काव्य समीक्षामा उनले तय गरेको प्रकृति र प्राकृतिक वर्णन कवितात्मक वा कुत्रिम नभएर प्राकृतिक झैं लाग्छ । उनका अन्य कृतिहरूमा प्रकृतिलाई वर्णनगर्ने तरिकाभन्दा यस खण्डकाव्यमा प्रकृति वर्णनको तरिका भिन्न रहेको र यहाँ काव्यात्मक सौन्दर्यलाई प्राकृतिक सोन्दर्यसँगै समतुल्य देखाइएको कारणले यस खण्डकाव्यबाट प्रकृति वर्णन उनको काव्य प्रवृत्तिको रूपमा देखा परेको छ ।

### ४.२.३ पौराणिक विषयवस्तुको प्रस्तुति

भरतराज पन्तले पौराणिक विषयलाई समेटेर शैलपुत्री र चन्द्रहास खण्डकाव्य रचना गरेका छन् । शैलपुत्रीमा पौराणिक विषय गौण रहेको छ  तर चन्द्रहासमा जैमिनीय भारतको राजा चन्द्रहासको कथा प्रमुख विषयको रूपमा आएको छ । प्राचीन केरल राज्यको राजाका छोरा चन्द्रहास आफ्ना पिताको स्वर्गारोहणपछि धाईआमाद्वारा कुन्तल प्रदेशमा लगी हुर्काइन्छ । राजकुमार चन्द्रहासले राजा बनेपछि कुन्तल तथा केरल राज्यको एकीकरण गरी राज्य

गर्छन् । यस पौराणिक कथालाई भरतराज पन्तले पद्य खण्डकाव्यात्मक रूप दिएका छन् । कथालाई खण्डकाव्यको रूप दिँदा कथावस्तुको अनुकूलित परिवर्तन गराएको भए पनि यसमा एकातिर मूल कथाको भाव समेटिएको छ भने अर्कोतिर खण्डकाव्यको पूर्वीय लेखन पद्धतिको ढाँचामा कथावस्तुलाई संयोजित गरिएको छ । आफूमा भएको धार्मिक प्रवृत्ति र दुःखमा आफ्ना आस्थाका रूपमा रहेका ईश्वरको पुकार गर्ने कविको निजी विशेषतालाई प्रस्तुत गर्न कविले लेखनमा पौराणिक विषय टिप्ने गरेका छन् र तिनका माध्यमबाट नीति सन्देश दिने गरेका छन् । आदर्श पक्षलाई उद्घाटित गर्दै पौराणिक विषयवस्तुलाई उत्पाद्य रूप दिई काव्य सर्जना गर्ने पन्तको प्रवृत्तिले यस काव्यमा प्रधानता पाएको छ भने अन्य खण्डकाव्यमा समेत यो प्रवृत्ति प्रत्यक्ष-अप्रत्यक्ष रूपमा देखा परेको छ । यसैले पनि पौराणिक विषयको प्रस्तुतिलाई कवि भरतराज पन्तको उल्लेख्य विषयगत प्रवृत्ति मानिन्छ ।

### ४.२.४ वैचारिक दृष्टिकोण

भरतराज पन्तको हालसम्मको अन्तिम खण्डकाव्यको रूपमा २०५० मा प्रकाशित 'भित्रबाहिर' मा कविले विचार तत्त्वलाई प्रमुख विषय बनाएका छन् । चन्द्रहास खण्डकाव्यमा विचार पक्ष गौण रहेको छ तर भित्रबाहिरमा साहित्य र समसामयिक घटनाहरूप्रति कविका निजी विचार समेटिएका छन् । भित्रबाहिरको भित्र खण्डमा कवि पूर्वीय काव्यसम्बन्धी धारणा प्रकट गर्छन् भने बाहिर खण्डमा यिनले प्रजातन्त्रोतर समसामयिक राजनीतिक, सामाजिक, विकृति र विसङ्गतिप्रति आफ्ना निजी धारणा प्रकट गरेका छन् । खण्डकाव्य लेखनबाट परिष्कार प्राप्त गरेका कविले यस खण्डकाव्यमा आफ्ना खारिएका गम्भीर र तथ्यपूर्ण विचारलाई खण्डकाव्यको संरचनाभित्र समेटेर विचार विषयक बालकृष्ण समको आगो र पानी खण्डकाव्यको चिन्तनमूलक काव्य प्रवृत्तिलाई समेत अंशत प्रयोगमा ल्याएको प्रतीत हुन्छ । यहाँसम्म आईपुग्दा कवि पन्तले विषय बहुलतालाई समेत काव्यात्मक प्रवृत्तिकै रूपमा अनुकरण गरेका छन् । भित्रबाहिर र चन्द्रहास खण्डकाव्य समीक्षाबाट कविले विचारलाई समेत काव्य प्रवृत्तिका रूपमा अँगालेको पुष्टि हुन्छ ।

### ४.२.५ शैलीगत प्रवृत्ति

कवि भरतराज पन्तले कुनै एउटा वाद वा सिद्धान्तलाई मात्र पछ्याएर काव्यलेखन गरेका छैनन् । विषयवस्तु वा शैलीका दृष्टिले पनि कवि कहिले परिष्कारवादी लेखनाथ वा समका नजिक देखिन्छन् भने कहिले स्वच्छन्तावादी देवकोटा वा माधवप्रसाद घिमिरेका नजिक देखिन्छन् । स्वच्छन्दतावादी प्रवृत्ति पछ्याउँदा उनी कतै स्वच्छन्दतावादी प्रगतिवादी कविका

रूपमा समेत देखा पर्छन् । खण्डकाव्यको वर्णनबाट कवि पन्तलाई कुनै एउटा धाराका कवि भनी तोक्न सकिने स्थिति छैन किनकि उनका खण्डकाव्यमा स्वरगत रूपमा मिश्रित दृष्टिकोण पाइन्छ । समग्रमा मूल्याङ्कन गर्ने हो भने चाहिँ उनको कविता सिर्जनामा परिष्कारवादी स्वर प्रबल रूपमा देखा परेको छ ।

### ४.२.६ विविध छन्द तथाअलङ्कारको प्रयोग

भरतराज पन्तले आफ्ना खण्डकाव्यहरूमा विविध छन्द तथा अलङ्कारको प्रयोग गरेको पाइन्छ । उनका खण्डकाव्यहरूलाई छन्दको आधारमा विश्लेषण गर्दा दिनेश खण्डकाव्यमा पृथ्वी छन्दको प्रयोग भएको छ । त्यस्तै शैलपुत्री खण्डकाव्यमा मन्दाक्रान्त र शिखरिणी छन्द, भित्रबाहिर खण्डकाव्यमा हरिणी छन्दको र चन्द्रहास खण्डकाव्यमा हरिणी, रथोद्धता, वियोगिनी, तुषक, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, मालिनी, अनुष्टुप् आदि ११ छन्दको प्रयोग पाइन्छ यसरी हेर्दा भित्रबाहिर खण्डकाव्यमा विविध छन्दको प्रयोग भएको छ । अधिकांश वार्णिक छन्दमा कविताहरू संरचित भएका छन् । पन्तले आफ्ना खण्डकाव्यहरूमा रूपक, यमक, श्लेष, उपमा, उत्प्रेक्षा, अनुप्रास अलङ्कारको प्रयोग गरेका छन् । अलङ्कार प्रयोगमा हेर्दा अनुप्रास शब्दालङ्कार र उपमा अर्थालङ्कारको अधिक प्रयोग पाइन्छ ।

हरिणी छन्दमा लेखिएको भित्रबाहिर खण्डकाव्यमा विविध शब्दालङ्कार एवं अर्थालङ्कारको प्रयोग गरिएको छ । जस्तै -

विरह रह भै जम्ने विभ्रान्त चित्त भए पनि
विपद पक्षमा लाखौं धक्का दिएर रहे पनि

(भित्रबाहिर, पृ.४३)

माथिको उदाहरणमा विरह रह तथा विपद-पद जस्ता शब्दहरूको प्रयोग भएकाले यसमा यमक अलङ्कार छ । यसका अलावा उपमा, रूपमा, उत्प्रेक्षा इत्यादि अलङ्कारको प्रयोग गरिएका छन् । साथमा यस काव्यमा विभिन्न प्रतीक तथा बिम्बहरूको प्रयोग गरिएका छन् ।

## अध्याय : पाँच

# सारांश तथा निष्कर्ष

भरतराज पन्तको खण्डकाव्यकारिता शीर्षकको यस शोधपत्रलाई पाँच अध्यायमा विभक्त गरिएकोछ । अध्याय अन्तर्गतका मूल शीर्षकलाई आवश्यता अनुसार विभिन्न उपशीर्षकमा विभाजन गरी अध्ययनलाई व्यवस्थित गरिएको छ ।

शोधपत्रको पहिलो अध्यायमा शोधको परिचय दिइएको छ । शोधपत्रसँग सम्बन्धित समस्या र उद्‍देश्यको निर्धारण गरी पूर्वकार्यको समीक्षाले शोधका लागि रिक्तताको बोध गरेको छ । यस अध्यायमा शोधको औचित्य महत्त्व र उपयोगिता बारे चर्चा गर्दै सीमाङ्कन गरी शोधकार्यलाई निश्चित दिशा प्रदान गरिएको छ । शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधि बारे स्पष्ट उल्लेख गरिएको छ । समग्रमा यस शोध कार्यको परिचय विधि र प्रक्रिया बारे स्पष्ट पार्ने कार्य पहिलो अध्यायमा गरिएको छ ।

शोधको दोस्रो अध्यामा खण्डकाव्यको सैद्धान्तिक अवधारणा बारे चर्चा गरिएको छ । खण्डकाव्यको सैद्धान्तिक परिचयको क्रममा विभिन्न विद्वानहरूले दिएका परिभाषा र तत्त्वहरू बारे चर्चा गरिएको छ । खण्डकाव्य सम्बन्धी पूर्वीय र पश्चिमी मान्याताको सामान्य चर्चा गर्दै खण्डकाव्यका तत्त्वहरूको चिनारी प्रस्तुत गरिएको छ । खण्डकाव्यका तत्त्वहरूमा शीर्षक र संरचना, विषयवस्तु, पात्र विधान, परिवेश, लय, छन्द र अलङ्कार, उद्‍देश्य तथा भाषा शैलीको सामान्य परिचय दिइएको छ र यिनै तत्त्वहरूलाई खण्डकाव्य विश्लेषणको आधारको रूपमा उल्लेख गरिएको छ ।

तेस्रो अध्यायमा भरतराज पन्तका खण्डकाव्यहरू दिनेश, भित्रबाहिर, शैलपुत्री, चन्द्रहास खण्डकाव्यको विश्लेषण गरिएको छ । दोस्रो अध्यायमा निर्धारण गरिएको खण्डकाव्य विश्लेषणको आधारमा टेकेर ४ खण्डकाव्यको विश्लेषण गरिएको छ । उनका खण्डकाव्यहरूमा दिनेश १०१ श्लोकमा, भित्रबाहिर, २०८ श्लोकमा शैलपुत्री २१६ श्लोकमा, चन्द्राहास ३३१ श्लोकमा संरचित छ । आयामगत दृष्टिले हेर्दा सबैभन्दा सानो आयाम भएको दिनेश खण्डकाव्य हो भने ठूलो आयाम भएको चन्द्रहास खण्डकाव्य हो । उनका खण्डकाव्यहरू मध्यम स्तरका आयामगत संरचनामा संगठित भएका छन् । खण्डकाव्यलाई छन्दको आधारमा विश्लेषण गर्दा दिनेश खण्डकाव्यमा पृथ्वी छन्दको प्रयोग भएको छ । त्यस्तै शैलपुत्री खण्डकाव्यमा मन्दाक्रान्ता र शिखरिणी छन्द, भित्रबाहिर खण्डकाव्यमा हरिणी छन्दको र चन्द्रहास खण्डकाव्यमा हरिणी, रथोद्धता, वियोगिनी, तुषक, शार्दूलविक्रीडित,

मन्दाक्रान्ता, मालिनी, अनुष्टुप् आदि ११ छन्दको प्रयोग पाइन्छ । यसरी हेर्दा भित्रबाहिर खण्डकाव्यमा विविध छन्दको प्रयोग भएको छ । अधिकांश वार्णिक छन्दमा कविताहरू संरचित भएका छन् । विषयवस्तुगत आधारमा हेर्दा उनका खण्डकाव्यहरू विविध विषय वस्तुमा संरचित देखिन्छ । दिनेश खण्डकाव्य आफ्नो पुत्रको शोकमा रचित काव्य हो भने शैलपुत्री प्रकृतिको उदात्त वर्णनमा केन्द्रित काव्य हो । त्यस्तै जैमिनीय भारतको विषयवस्तुमा संरचित चन्द्राहास पौराणिक खण्डकाव्य हो भने प्रजातन्त्र प्राप्तिपछिको असन्तुष्टि भित्रबाहिर खण्काव्यमा प्रस्तुत भएको छ । यसरी उनका खण्डकाव्यको विषयगत विविधता बारे चर्चा गरिएको छ । पन्तले आफ्ना खण्डकाव्यहरूमा रूपक, यमक, श्लेष, उपमा, उत्प्रेक्षा, अनुप्रास अलङ्कारको प्रयोग गरेका छन् । अलङ्कार प्रयोगमा हेर्दा अनुप्रास शब्दालङ्कार र उपमा अर्थालङ्कारको अधिक प्रयोग पाइन्छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायमा भरतराज पन्तका काव्यात्मक प्रवृत्ति बारे अध्ययन गर्दा शोक वर्णन गर्ने, प्रकृति वर्णन गर्ने, वैचारिक दृष्ट्रिकोणलाई काव्यात्मक रूप दिने र विविध शैलीको प्रयोग गर्ने खण्डकाव्यकारको रूपमा उनको खण्डकाव्यात्मक प्रवृत्तिको निर्धारण गरिएको छ । शोधको अन्तिम अध्यायमा शोधको सारांश तथा निष्कर्ष उल्लेख गरिएको छ ।

# सन्दर्भ सामग्री सूची


अवस्थी, महादेव. (२०६४) **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको बिमर्श**. काठमाडौ : इन्टेलेक्चुअल्ज बुक ।

गुप्त, शान्तिस्वरूप. (ई. १९९२) **पाश्चात्य काव्यशास्त्रको सिद्धान्त** (द्वि.संस्क.). दिल्ली : अशोक प्रकाशन ।

चापागाईं, नरेन्द्र र अन्य. (२०५२).**काव्य समालोचना.** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

ज्ञवाली, रामप्रसाद र अन्य. (२०६४), **नेपाली कविता-काव्य** . काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य. (२०६४). **नेपाली कविता भाग- ४.** काठमाडौं : साझा प्रकाशन ।

थपलिया, गोपाल (सम्पा.). *'महाभारत युद्धको मिथकीय प्रयोग धर्मयुद्ध'* .**छलफल साप्ताहिक.** २६:१६ (२०६४ वैशाख ७) पृ. ६ ।

थापा, हिमांशु (२०५०). **साहित्य परिचय** (चौ. संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०३८) **साहित्यको रूपरेखा** ( द्वि.संस्क.) काठमाडौँ : साझा प्रकाशन

न्यौपाने, नेत्रप्रसाद. (२०६६) *'धर्मयुद्ध खण्डकाव्य माथि समीक्षात्मक दृष्टिकोण'* **वाटिका वार्षिक**७:८ पृ. ७ ।

निरौला, फणीन्द्रराज. (२०४४) *'भरतराज पन्तका काव्यकृतिहरुको अध्ययन'* अप्रकाशित शोधपत्र, कीर्तिपुर.: नेपाली केन्द्रीय विभाग, त्रि.वि.।

पन्त, भरतराज. (२०२८) **दिनेश.** काठमाडौं : ने.रा.प्र.प्र. ।

______________, (२०४१).. **दोभान**. काठमाडौँ : ने.रा.प्र.प्र ।

______________, (२०४६) **नमस्कार.** काठमाडौं : ने.रा.प्र.प्र. ।

______________, (२०३९) *शैलपुत्री*'. **पच्चीस वर्षका खण्डकाव्य.** माधवप्रसाद घिमिर. काठमाडौं : ने.रा.प्र.प्र. ।

______________, २०३९) **चन्द्रहास.** काठमाडौं : साझा प्रकाशन ।

______________ (२०५०) **भित्रबाहिर.** काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त. (२०४०). **साहित्य र समीक्षा.** काठमाडौं : साझा प्रकाशन ।

प्रसाइँ, गणेशबहादुर. (२०४८).**नेपाली साहित्यमा स्वच्छन्दतावदी काव्यधारा**. काठमाडौं : ने.रा.प्र.प्र. ।

रिसाल, राममणि.(२०५०). **नेपाली काव्य र कवि** (चौथो संस्क) काठमाडौं : साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद. (२०६०) **कविता सिद्धान्त र नेपाली कविताको इतिहास.** काठमाडौं :ने.रा.प्र.प्र. ।

विश्वनाथ, (इ.सं. १९८८) **साहित्य दर्पण** (तृ.सस्क.). वाराणसी : चौखम्बा विद्याभवन ।

वेदव्यास, (१९८१). **गीता.** भारत. गोरखपुर : गीता प्रेस भारत ।

सिग्द्याल, सोमनाथ.(२०१६).**साहित्य प्रदीप**. काठमाडौं :नेपाल एकेडेमी ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा. (२०४६) **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**(तृ. संस्क.) काठमाडौं : साझा प्रकाशन ।